सि.जि.प्र.द.नं. १७ जि.हु.द.नं. २८
प्रो. राजन भुजेल ✆ ०४७-५२०८३६, ९८४४०१५६६७
Email:-rajanbhujel111@gmail.com

सन्देश जनप्रिय
Sandesh Janapriya Weekly साप्ताहिक

आर.एन. ट्रेडर्स एण्ड सप्लायर्स
कमलामाई न.पा.-६, पानीट्याङ्की, सिन्धुली


यहाँ रड, सिमेन्ट जस्ता निर्माण सम्बन्धी सम्पूर्ण सामान, पाईप, PPR हाउस वायरिङ्ग सामानहरु पाइनुका साथै पशुपति पेन्टस् सुपथ मूल्यमा पाईन्छ।

❖ वर्षः- २१ ❖ अङ्कः- ११ ❖ २०८० आश्विन १७ गते बुधबार(4 Oct 2023 Wednesday) ❖ पृष्ठः- ८ ❖ मूल्यः- १०/-

# सिन्धुलीमा राष्ट्रिय माझी गोल्डकप प्रतियोगिता हुने




**सिन्धुली/** सिन्धुलीमा कार्तिक १३ गतेबाट हुने तेस्रो राष्ट्रिय माझी गोल्डकप फुटबल प्रतियोगितामा हुने भएको छ । सिन्धुली सहित देशभरका २५ जिल्लाले सहभागिता जनाउने भएका छन् । नेपाल माझी उत्थान संघ सिन्धुलीको आयोजना मा मरिण गाउँपालिकामा हुने तेस्रो राष्ट्रिय माझी गोल्डकप फुटबल प्रतियोगिता २५ जिल्लाका माझी समुदायका युवा खेलाडिले सहभागिता जनाउने भएका हुन् ।

माझी समुदायका युवा खेलाडी हरुको क्षमता विकासको लागि फुटबल प्रतियोगिताको आयोजना गरिएको नेपाल माझी उत्थान संघ सिन्धुली अध्यक्ष बविन्द्रलाल माझीले जानकारी दिए । फुटबल खेलले देशभर छरिएर रहेका माझी समुदायलाई एकआपसमा नजिक बनाउने र माझी समुदायका युवाहरूको खेल क्षमता पनि बढ्ने विश्वास लिएको अध्यक्ष माझीको भनाई छ ।

प्रतियोगिताको विजेता समूहले २ लाख ६५ हजार ५ सय ५५ रुपैयाँ नगद पुरस्कार सहित सिल्ड, मेडल र प्रमाण पत्र, उप विजेताले १ लाख ३२ हजार २ सय २२ रुपैयाँ नगद पुरस्कार सहित सिल्ड, मेडल र प्रमाण पत्र र तेस्रो हुने समूहलाई ६६ हजार ६ सय ६६ रुपयाँ नगद पुरस्कार सहित सिल्ड, मेडल र प्रमाण पत्र दिइने अध्यक्ष माझीले बताए ।

फुटबल प्रतियोगिता सञ्चालनका लागि आश्वयक तयारीको काम तिव्र गतिमा बढिरहेको र सबै क्षेत्रबाट आफुहरुले सहयोग प्राप्त गरिरहेको मंगलवार साँझ सन्देश जनप्रियसँगको कुराकानीमा अध्यक्ष माझीले बताए ।

प्रतियोगितामा सहभागी हुन आगामी असोज २५ गते भित्र समूह दर्ता गरी सक्नुपर्ने जनाइएको छ । नेपाल माझी उत्थान संघको आयोजनामा पहिलो पटक मकवानपुर जिल्लामा दोस्रो पटक रामेछाप जिल्लामा राष्ट्रिय माझी गोल्डकप फुटबल प्रतियोगिता भइसकेका छन् ।

## टिकाको साइत बिहान ११ बजे

**सिन्धुली/** पञ्चांग निर्णायक समिति ले दसैंको टीकाको साइत कात्तिक ७ गते बिहान ११ बजेर २ मिनेटमा उत्तम रहेको जनाएको छ । पञ्चांग निर्णायक समितिले आज एक विज्ञप्ति जारी गर्दै घटस्थापनादेखि कोजाग्रत पूर्णिमासम्मको दसैंको शुभसाइत सार्वजनिक गरेको हो ।

घटस्थापना असोज २८ गते बिहान ११ बजेर २९ मिनेटको समय उत्तम रहेको समितिले जनाएको छ । समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुंगेलले जारी गरेको विज्ञप्तिमा घटस्थापना गर्नुअघि चित्रा नक्षत्र र वैधृत्ति योगको शान्ति गरी घटस्थापना गर्नु शास्त्र सम्मत देखिने उल्लेख छ ।

# प्रचण्ड एमसीसीको 'भब्य भोज'मा प्रमुख अतिथि




**काठमाडौं/** नेपालमा एमसीसी परियोजना कार्यान्वयन सुरु भएको खुशीयालीमा नेपाल भ्रमणमा आएकी मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) की प्रमुख कार्यकारी अधिकृत (सीईओ) एलिस पिटर्सन अलब्राइटले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग भेट गरेकी छिन् । बालुवाटार पुगेर प्रधानमन्त्रीसँग भेट गर्दै उनले ५० करोड अमेरिकी डलरको अनुदानको एमसीसी परियोजनाले नेपालको विकासमा सघाउ पुऱ्याउने विश्वास व्यक्त गरिन् ।

उनले यस्तो महत्वपूर्ण परियोजनालाई कार्यान्वयन तहमा लैजान सकेको मा नेपाललाई बधाई पनि दिइन् र आज बुधबार एमीसीसीका तर्फबाट आयोजित भोजमा निम्ता पनि दिइन् ।

एमसीसी परियोजना कार्यान्वयन सुरु भएको खुशीयालीमा एमसीसीकै अग्रसरतामा एमसीए नेपालले बुधबार होटल याक एन्ड यतिमा रात्रीभोज आयोजना गरेको छ । उक्त कार्यक्रममा प्रमुख अतिथिका रुपमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड सहभागी हुनुहुने छ । जहाँ उपप्रधानमन्त्री र मन्त्रीहरुसहित नेपाल सरकारका सचिव तथा विशिष्ट अधिकारी पनि सामेल हुनेछन् । रात्रीभोजका लागि एमसीए नेपालले परियोजना सम्बद्ध सरोकारवालाहरु लाई प्रधानमन्त्री सहभागी हुने जानकारी सहितको निमन्त्रणापत्र पठाइसकेको छ ।

यसमा सहभागी हुन समेत आएकी सीईओ अलब्राइटले पछिल्ला दुई दिनमा गरेका भेटवार्तामा एमसीसी परियोजनाको कार्यान्वयन सुरु भएकामा प्रसन्नता व्यक्त गरिरहेकी छिन् । उनले हरेक भेटमा नेपाललाई बधाई दिन छुटाएकी छैनन् भने कार्यान्वयन सहज रुपमा अघि बढ्ने विश्वास राखेकी छन् ।

राजनीतिक विवाद चिर्दै १३ भदौ देखि कार्यान्वयनमा गएको एमसीसी परियोजना अहिले ठेकेदार छनोटको उल्झनमा छ । जग्गा अधिग्रहण र रुख कटानको प्रक्रिया ● बाँकी २ पेजमा

# चँदाहा नदीको पुल निर्माण अलपत्र



**सिन्धुली/** संघीय सरकार पुल महाशाखाको १२ करोड ५८ लाख रुपैयाँको लागतमा निर्माण थालिएको चँदाहा नदीमा निर्माणाधिन पुल ठेकेदारको लापरबाहीका कारण अलपत्र बनेपछि यस क्षेत्रका नागरिक हरुले सास्ती व्होर्नु परेको छ । कमलामाई नगरपालिका वडा नं. १० र वडा नं. १३ जोड्ने यो पुल प्यासेफिक निर्माण जेभिले अलपत्र छोड्दा तीनपाटन गाउँपालिका र दुधौली नगरपालिकाका नागरिकले समेत सास्ती व्होर्नु परेको हो ।

निर्माणको ठेक्का पाएकोमा प्यासेफिक जेभिले संझौता बमोजिम को समय सकिएपनि ● बाँकी २ पेजमा

## भ्याटारो ═══ राजेश मानन्धर




# प्रचण्डको चिन भ्रमण, सत्कार र लुकेको तथ्य !

## गुलेली
□ प्रेम दाहाल



सत्तामा आएपछि माओले छिटो भन्दा छिटो चिनियाँ समाज र अर्थतन्त्रको समाजवादीकरण गर्न र साम्यवादी विचारधाराको वैश्विक औचित्य पुष्टि गर्न चाहन्थे । उनले जमिनमा निजी स्वामित्व अन्त्य गर्दै कृषि सहकारी र कम्युन प्रणाली प्रारम्भ गरे । सन् १९५६ मा सुरु गरिएको यो नीतिलाई सन् १९५८ को दस्तावेजमा 'महान् अग्रगामी छलाङ' (द ग्रेट लिप फरवार्ड) भनिएको थियो ।

कम्युन र सामूहिक कृषि प्रणालीपछि चिनियाँ अर्थतन्त्रमा अनपेक्षित संकुचन आयो र सन् १९५९ देखि १९६१ सम्म चिनियाँ इतिहासकै सर्वाधिक ठूलो अनिकाल लागेको थियो । त्यसबेला झण्डै ५५ लाख मानिस भोकमरीले मरेको अनुमान गरिन्छ ।

उक्त असफलताबाट आत्तिएका माओले सन् १९६५ मा महान् सांस्कृतिक क्रान्तिको घोषणा गरे जुन एक दशकपछि सन् १९७५ मा असफलतामा पुगेर समाप्त भयो । माओको यही असफलताको जगमा देङ सियाओ पिङको अस्वाभाविक तथा आश्चर्यजनक उदयभयो र कतिपय इतिहासकारले सन् १९७५-७८ का घटनाक्रमलाई एक प्रकार को 'नरम क्रान्ति' का रुपमा विश्लेषण गर्छन् ।

देङको सोच र वैचारिकीको आधार भने एकदलीय साम्यवादी शासन प्रणाली भित्रै बजारवादमा आधारित आर्थिक तथा पूर्वाधार विकास र भूमण्डलीकरण थियो ● बाँकी २ पेजमा

प्रेम इलोक्ट्रोनिक्स सेन्टर
प्रो. कपिल श्रेष्ठ ९८४४०४१३५२ ९८०२६०७७५१
कमलामाई न.पा.-६, सिन्धुली

यहाँ विभिन्न किसिमका मोवाइल, फ्रिज, LED TV, Iron, Rice cooker बुफर लगाएत इलोक्ट्रोनिक्स सामानहरु सुपथ मूल्यमा पाइन्छ ।

**प्रचण्डको ........**

त्यसो त उनले राजनीतिक सुधारमा पनि ध्यान दिएका थिए । राष्ट्रपति पदको दुई कार्यकालको प्रबन्ध गरेर शान्तिपूर्ण सत्ता हस्तान्तरणको विधि स्थापित गरेका थिए । आजको चीनको आर्थिक दृद्धिको मुख्य आधार देङकालीन नीति र प्रयत्न हुन् भन्ने संसारले स्वीकार गरेको छ ।

वर्तमान राष्ट्रपति सी जीनपिङले आफ्नै नाममा 'सी विचारधारा' बनाएका छन् । उनले अघिल्ला तीन नेताले भन्दा फरक बाटो रोजेका छन् । राष्ट्रपति सीको विचारधारा न डा. सनयात्सेनको जस्तो लोकतन्त्र हो, न माओको जस्तो साम्यवाद हो, न तेङको जस्तो बजारवाद र शान्तिपूर्ण सत्ता हस्तान्तरण नैं हो । राष्ट्रपति सी सन् २०13 मा पदमा आएका थिए । उनले दुई कार्यकालको तेङकालीन प्रावधानलाई संविधान संशोधन गरेर हटाइदिए । अन्यथा अहिले उनी सत्तामा हुने थिएनन् । सीको विचारधारा भनेको मूलत: 'राज्यवाद' हो । चीन राज्यलाई संसारको महाशक्ति बनाउने र समकालीन पश्चिमा तथा अमेरिकाकेन्द्रित विश्व व्यवस्थाको साटो चीन-केन्द्रित नयाँ विश्व व्यवस्था प्रारम्भ गर्ने उद्देश्यका लागि चीन राज्यको आर्थिक, सामरिक तथा कूटनीतिक सामर्थ्य वृद्धि गर्ने उनको शासनकालको मुख्य लक्ष्य हो । र उनले यो अभीष्ट लुकाएका छैनन् । राष्ट्रपति सी तेस्रो पटक पनि सत्तामा रहनुको औचित्य त्यतिखेर मात्र पुष्टि हुन सक्नेछ जब उनी चीनलाई विश्वको पहिलो अर्थतन्त्र र पहिलो महाशक्ति राष्ट्र बनाउन सफल हुनेछन् ।

तसर्थ, चीनको विदेश नीतिलाई सोलोडोलो बुझेर हुँदैन । सन् १९४९ अघिको चीन र नेपाल बीच औपचारिक दौत्य सम्बन्ध नै स्थापित भएको थिएन । चीन नेपालसँग औपचारिक कूटनीतिक सम्बन्ध स्थापित भएको बेलायत, अमेरिका र भारतपछिको चौथो मित्र राष्ट्र हो । नेपाल-चीन बीच सन् १९५५ मा मात्र औपचारिक सम्बन्ध स्थापित भएको थियो ।

खासमा तिब्बत चीनमा गाभिनुअघि चीन नेपालको छिमेकी थिएन, सन् १९५० मा माओले तिब्बतलाई चीनमा गाभेपछि मात्र चीन नेपालको छिमेकी बन्न पुगेको हो ।

माओकालीन चीनको नेपाल नीति एक भद्र र शालीन छिमेकीको थियो । त्यो बेलाका मुख्य नेता माओत्सेतुङ र चाउ एनलाईले हिमालयको प्राकृतिक सीमाका जटिलता, आफैं स्थिर हुन नसकेको चीनका संवेदनशीलता, तिब्बती पृथकतावादी आन्दोलनका प्रभाव र भौतिक पूर्वाधार अभावले हुने सहकार्यका समस्या बुझेका थिए ।

तसर्थ उनीहरूले नेपालसँगका सीमा समस्या सहज सुल्झाउन मद्दत गरे । सगरमाथा नेपालतिर पर्‍यो । कोदारी राजमार्ग बनाउन राजी भए । साथै उनीहरूले नेपालका नेताहरूलाई बारम्बार यो सम्झाउने गरे कि भारततिरको सम्बन्धलाई नै जोड देऊ, चीन नेपालका लागि धेरै चिज गर्न सक्ने अवस्थामा छैन तर पनि समदुरीमा राखेर असल छिमेकी बनिरहको छ भन्ने तथ्य प्रधानमन्त्री पुष्पकमल दाहालको चीन भ्रमणमा गरिएको सत्कार एवम् अन्य विषयले पुष्टि गर्दछ । जुन अतिथ्यता भारत भ्रमणमा पनि आएका थिएनन् प्रचण्डले ।

माओकालीन चीनले नेपालको सामन्ती राजतन्त्रसँग समेत राम्रो सम्बन्ध बनायो । बरु सोभियत संघले नेपालका कम्युनिष्टहरूलाई अनेक प्रकारले सहयोग गर्न खोज्थ्यो तर चीनले कहिल्यै त्यसो गरेन भन्ने तथ्यलाई नेपालका अहिलेका शासकहरुले राम्ररी बुझ्न जरुरी छ । फेरी प्रचण्डको अस्थिरतालाईनैं चीनले राम्ररी बुझेको र भारतीय कठपुतली सरकारको नेतृत्व गरेका प्रचण्डका लागि चिनको सत्कार र सहयोग भारत र अमेरिकालाई देखाउनका लागि मात्रै हो भन्ने तथ्य कही कतै भुल्न हुँदैन ।

**प्रचण्ड .......**

प्रारम्भिक चरणमै रहेको बेला प्रसारणलाइन परियोजनाका लागि भएको टेन्डरमा अनुमानित लागत भन्दा ६६ प्रतिशत बढीको कबोल भएपछि सरकारमाथि लगानी बढाउन दबाब परेको छ । लागतमा ठूलो प्रभाव पर्ने गरी आयोजनाको आधारभूत डिजाइनमा नै त्रुटि भेटिएपछि एमसीए नेपाल भित्र नै त्रास पैदा भएको छ ।

फेरि टेन्डरमा जाँदा झन् ढिलाइ हुने र लागत घट्ने सुनिश्चित पनि नभएकाले कम कबोल गर्ने कम्पनीसँग लागत अनुमान बराबरमै काम गर्न लगाउने गरी वार्ता हुन लागेको छ । तर, वार्ता सफल हुनेमा एमसीएका अधिकारीहरु विश्वस्त छैनन् । परियोजना नयाँ संकटको घेरामा परेको अवस्थामा तारे होटलमा प्रधानमन्त्रीकै उपस्थितिमा 'सेलिब्रेसन'को भव्य तयारी हुँदैछ ।

मंगलबार दिउँसो काठमाडौंमा पत्रकारहरुसँग कुराकानी गर्दै अबलब्राइटले सबै प्रधानमन्त्री र पूर्वप्रधानमन्त्री र सरोकारवालाहरू परियोजनाको पक्षमा रहेको बताइन् । 'सबैसँग कुरा गरेपछि म निकै उत्साहित बनेकी छु र परियोजना तोकिएको अवधिभित्रै पूरा हुनेमा आशावादी छु ।'

१५ फागुन २०७८ मा एमसीसी संसदबाट पारित हुनुअघिसम्म यो सम्झौता पारित गर्ने कि नगर्ने भन्ने विषयमा दलहरुबीच चर्को विवाद थियो । त्यतिबेला कांग्रेसका सभापति शेरबहादुर देउवा नेतृत्वको सरकारमा सामेल प्रचण्ड नेतृत्वको माओवादीभित्रै एमसीसी पारित गर्न नहुने आवाज चर्को थियो । अर्को सत्तारुढ दल एकीकृत समाजवादी पार्टी पनि एमसीसी यथास्थितिमा पारित गर्न नहुने मत थियो ।

त्यतिबेला एमसीसी पारित गर्न अमेरिकाका नेताले नेपालका राजनीतिक दलका नेताहरुलाई दबाब दिएका सामाचारहरु पनि बाहिरिएका थिए । प्रधानमन्त्री देउवा एमसीसी पारित गर्ने पक्षमा रहे पछि त्यतिबेलाको सत्ता गठबन्धनले एमसीसीमा नेपालको संसदबाट १२ बुँदे ब्याख्यात्मक घोषणा पारित गर्न गरेर अनुमोदन गर्ने सहमति भएको थियो । त्यसै अनुसार एमसीसी पारित भएको थियो ।

पछिल्लो समयमा एमसीसी परियोजनाबारे राजनीतिक विवाद मत्थर छ । प्रधानमन्त्रीको दल नेकपा माओवादी केन्द्रसँगै समाजवादी मोर्चाभित्र एकीकृत समाजवादी र नेत्रबिक्रम चन्द विप्लव नेतृत्वको नेकपाले एमसीसी परियोजनाविरुद्ध नकारात्मक टिप्पणी गरे पनि राजनीतिक रुपमा बलियो ढंगले आवाज उठेको छैन ।

१३ भदौदेखि एमसीसी परियोजना कार्यान्वयन सुरु भएको घोषणा हुनुभन्दा अघिल्लो दिन समाजवादी मोर्चाको कार्यक्रममा प्रधानमन्त्री प्रचण्डले १२ बुँदे व्याख्यात्मक घोषणा कार्यान्वयन हुन्छ कि हुन्न भन्ने प्रश्न आफूले एमसीसीका प्रतिनिधिलाई सोध्ने बताएका थिए ।

'अहिले एमसीसीबारे एक जना अधिकारी (उपाध्यक्ष क्यामरुन एस एलफोड) आउँदै हुनुहुन्छ । प्रधानमन्त्री भएकाले मसँग भेट्ने भइहाल्यो', प्रधानमन्त्री प्रचण्डले अगाडि भनेका थिए, 'व्याख्यात्मक घोषणालाई सम्झौताको अंश बनाउने हो वा होइन, म सिधा भाषामा राख्ने छु ।'

तर १३ भदौदेखि एमसीसी परियोजना 'इन्ट्री इन्टु फोर्स'मा गयो र ५ वर्षभित्र सक्ने गरी दिनगन्ती सुरु भयो । त्यसपछि प्रचण्ड चीन हुँदै नेपाल फर्किएको भोलिपल्टै गत आइतबार अमेरिकाबाट (एमसीसी) कि प्रमुख कार्यकारी अधिकृत (सीईओ) अलब्राइट नेपाल झरिन् । सोमबार उनले नेपाली कांग्रेस, नेकपा एमालेका नेताहरुसहित उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ, अर्थमन्त्री प्रकाशशरण महत, भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वाला र ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्ति बस्नेतसँग पनि भेटघाट र छलफल गरिसकेकी छिन् । नेकपामा माओवादीका वरिष्ठ उपाध्यक्ष समेत रहेका गृहमन्त्री नारायणकाजी श्रेष्ठसँग मंगलबार भएको भेटमा सीईओ अल्ब्राइटले एमसीसी अमेरिकी वैदेशिक सहयोगको महत्वपूर्ण अंग भएकोले यसको कार्यान्वयनले नेपाल-अमेरिकाबीचको सम्बन्ध थप प्रगाढ हुने विश्वास व्यक्ति गरेकी छिन् । उपप्रधानमन्त्री श्रेष्ठले देशको आर्थिक-सामाजिक विकासको ऐतिहासिक जिम्मेवारी पूरा गर्ने काममा एमसीसी जस्ता परियोजनाको सफल कार्यान्वयनले योगदान दिने विश्वास व्यक्त गरेका छन् । गृहमन्त्रीले जग्गा अधिग्रहण गर्ने र समग्र सुरक्षाको प्रत्याभूति गराउने काममा गृह मन्त्रालय लागेको बताएका थिए ।

**चँदाहा ........**

पुल निर्माण कार्य अलपत्र छोडेको कमलामाई नगरपालिका वडा नं. १३ का वडाध्यक्ष केशरवहादुर कार्कीले बताए । उनका अनुसार पटक पटक पुल निर्माणको ठेक्का पाएको कम्पनिका प्रतिनिधीलाई ताकेता गर्दा पनि कुनै चासो नदेखाएपछि स्थानीय वासिन्दाहरु आक्रोसित बन्न थालेका छन् ।

स्थानीय बासिन्दाले तोकिएकै समयमा पुल निर्माण कार्य सम्पन्न गर्ने ठेकेदारलाई कारबाही गर्न र त्यस्ता फर्मलाइ कालो सूचीमा राखेर अयोग्य घोषित गर्न पनि माग गरेका छन् । समाचार स्रोतका अनुसार उक्त निर्माण कम्पनिलाई सत्तारुढ दलको संरक्षण रहेकाले काम नगर्दा पनि कारवाही प्रक्रिया अगाडि बढाउन नसकिएको हो ।





डेंगी ज्वरो
(Dengue Fever)

परिचय
डेंगी ज्वरो अरु मौसमी ज्वरो जस्तै हो । डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाइबाट मानिसमा सर्दछ ।

लामखुट्टेले टोक्ने समय
एडिज जातको लामखुट्टेले प्राय गरेर दिनमा टोक्दछ, यद्यपी घाम उदाएको २ घण्टा पछाडी र घाम अस्ताउनु भन्दा २ घण्टा अगाडी यो लामखुट्टे बढी सक्रिय हुने हुनाले सो समयमा थप सचेत हुनुपर्छ ।

लामखुट्टे वृद्धि विकास हुने स्थान
एडिज लामखुट्टेले सफा जमेको थोरै पानीमा पनि फुल पार्दछ, खासगरी पानी जम्ने टिनका डब्बाहरु, प्लास्टिकका बोतल, प्लास्टिकका खोल, टायर, सिसी, अन्डाको बोक्रा, ड्रम, बाटा, बाल्टिन, फुलदानी, गमला, कुलर, पानीका ट्यांकी आदिमा लगायत जुनसुकै पानी जम्ने भाँडा तथा स्थानहरु जस्तै छाना, कौसी, बरन्डा, ढल, नाली, कुलो, आदिमा फुल पार्छ र यो लामखुट्टेको वृद्धि विकास हुन्छ ।



लक्षणहरु
डेंगीको मुख्य लक्षण एक्कासी उच्च ज्वरो आउनु हो, यो ज्वरो ५-७ दिनसम्म रहन सक्छ, ज्वरोसँगै निम्न लक्षणहरु देखापर्छन् :
- बेस्सरी टाउको दुख्ने,
- आँखाको गेडी दुख्ने,
- हाडजोर्नी र मांसपेशीहरु र ढाड दुख्ने,
- शरीरमा बिबिरा आउने,
- रिंगटा लाग्ने,
- वाकवाकि/ बान्ता हुने,

यसका साथै लगातार बान्ता हुने, बान्तामा रगत देखा पर्ने, धेरै पेट दुख्ने, स्वासप्रस्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने आदि लक्षणहरु देखापर्नु डेंगीको जटिल अवस्थामा हो ।

डेंगी ज्वरोको उपचार
- डेंगी भाइरसबाट हुने भएकोले यसको खास उपचार छैन । यो आफैं निको हुन्छ ।
- उच्च ज्वरो कम गर्न पारासिटामोल खाने तर ब्रुफिन, एस्प्रिन जस्ता दुखाई कम गर्ने औषधि नखाने,
- पानी तथा झोलिलो तथा पोषिलो खाने कुरा प्रशस्त मात्रामा खाने,
- पूर्ण रुपमा आराम गर्ने ।

डेंगीको जटिल लक्षणहरु देखिएमा तत्काल नजिकैको स्वास्थ्य संस्थामा लैजानु पर्दछ, डेंगी रोग भएका बालबालिका, वृद्धवृद्धा, दिर्घ रोगी र गर्भवतीहरुको विशेष ध्यान दिनु पर्छ ।

बच्ने उपाय
डेंगी ज्वरोबाट बच्न लामखुट्टेको टोकाईबाट बच्ने :
- बिहान, दिउँसो, राति जुनसुकै बेला झुल लगाएर मात्रै सुत्ने,
- पुरा बाहुला भएको पुरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ,
- शरीरका खुल्ला भागमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- लामखुट्टे भगाउन लामखुट्टे धपाउने विधिहरु अपनाउने जस्तै : धुप बाल्ने,
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने ।

लामखुट्टेको वृद्धि विकास नियन्त्रण गर्नेः
- आफ्नो घर वरिपरी, कार्यस्थल र सार्वजनिक स्थानहरुमा पानी जम्न नदिई सफा राख्ने,
- पानी जमिहालेको खण्डमा हप्तामा २ पटक जमेको पानी फाल्नुपर्छ,
- दैनिक प्रयोजनको लागि राखेको पानी लामखुट्टे प्रवेश गर्न नदिने गरी ढाकेर राख्नुपर्छ,
- कुलरमा रहेको पानी हप्तामा २ पटक सफा गर्नुपर्छ,
- गमला वा गमला राखेको प्लेटमा जमेको पानी हप्तामा २ पटक फालेर प्लेट सफा राख्ने, त्यस्तै भाँडाकुँडामा पानी जम्न नदिन घोप्ट्याएर राख्ने,
- घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुरिदिने,
- काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, प्लास्टिकका सामग्री, टायर आदिको पानी जम्न नमिल्ने गरि बिसर्जन गर्ने,

लामखुट्टेको टोकाईबाट बच्नु नै डेंगी रोगबाट बच्ने मुख्य उपाय हो ।

यस सम्बन्धी थप जानकारीको लागि नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राख्नुहोला ।

गोलन्जोर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिन्धुली



सडकको संरक्षण गरौं ।
सफा राखौं ।
जथाभावी फोहोर नफालौं ।
यो कार्य गर्नु समस्त नागरिकको कर्तव्य पनि हो ।


सहरी विकास तथा भवन कार्यालय, सिन्धुली



सिन्धुलीका कुखुरापालक कृषकहरुमा खुशीको खबर !



हामीकहाँ ब्रोइलर,लेयर्स, हाँस, गाई, भैसी, बंगुर, माछा तथा बाखाको दाना पाउनुका साथै लोकल कुखुरा, लेयर्स, गिरिराज, कडकनाथ, बट्टाई,, टर्की र लौकाटको चल्लाहरु पाइन्छ । साथै कृषि सम्बन्धी विउ विजन तथा परामर्श सेवा पनि उपलब्ध गराइन्छ ।



सिद्धबाबा दाना चल्ला सप्लायर्स, सिन्धुली
कृषि उपज वजार, सिन्धुली फोन: ०४७:५२०८६१२ मरिण छाप: मोवाइल:९८४४०४५४००, ९८४४०४१०१०

# जनदबाबले पछाडि फर्किएको सरकार

**□ दिपा भण्डारी**

देशमा व्याप्त भ्रष्टाचार र अनियमितताका काण्डहरू निरन्तर दोहोरिरहेका छन् । एउटा काण्डको चर्चा सेलाएको पाउँदैन, फेरी त्यो भन्दा ठूलो अर्को काण्ड सार्वजनिक हुन्छ वा मच्चिएको हुन्छ । कुनै पनि भ्रष्टाचार र अनियमितताका काण्डहरू बारम्बार भइरहनुको कारण सत्तारुढ दलका नेता र मन्त्रीहरूकै कमजोरी हो । भ्रष्टाचार र अनियमितता गरेरै शासक दलका नेता, मन्त्री र कार्यकर्ताहरूले अकुत सम्पत्ति आर्जन गरिरहेका छन् । देशको ठाउँ ठाउँमा भ्रष्टाचार र अनियमितता हुनु के सरकारको कमजोरी होइन ?

महँगी बढेको बढ्यै छ । सरकारले खाना पकाउने ग्याँसमा महिना दिन नबित्दै दुईपटक मूल्य बढायो । आयल निगमले स्वचालित प्रणाली लागु गरेयता तीन महिनामा एक अर्ब ८९ करोड नाफा उठाएको जानकारी प्रकाशमा आएको थियो । तर, पनि सरकार र आयल निगमले अन्तर्राष्ट्रिय बजारभाउ देखाएर पेट्रोलियम पदार्थमा मूल्यवृद्धि गरे । खाना पकाउने एलपी ग्याससहित पेट्रोलियम पदार्थको लगातार मूल्य वृद्धि गरेर आफुलाई जनमुखी भएको दाबी गर्ने प्रचण्ड सरकारले जनताको ढाड सेक्ने काम गरेको छ ।

सरकारले खाना पकाउने ग्यासको मूल्य एक महिनामै ४५०।- रुपैयाँ बढायो । नेपाल आयल निगमले भदौ १४ मा प्रतिसिलिन्डर २३५ रुपैयाँ बढायो भने शनिबार फेरि मूल्यवृद्धि गरेर रु. २१० बढायो । पछिल्लो पटक मूल्यवृद्धि भएपछि मूल्यवृद्धि फिर्ता लिनुपर्ने माग जोडदार रुपमा उठ्यो, जनदबाब पनि एक्कासी बढ्यो । अन्ततः मूल्यवृद्धि गरेको भोलिपल्टै सरकारले मूल्यवृद्धि फिर्ता लियो र पहिलेकै मूल्य कायम हुने सार्वजनिक गर्‍यो । यसअघि नेपाल आयल निगमले आइतबारदेखि लागु हुने गरी सबै इन्धनको मूल्यमा मूल्यवृद्धि गरेको थियो । पेट्रोलियम पदार्थमा मूल्यवृद्धि भएपछि स्वाभाविक रूपमा यातायातमा मात्र होइन विभिन्न उपभोग्य र दैनिकी सामानमा पनि मूल्यवृद्धि हुन्छ ।

ग्याँसमा भएको मूल्यवृद्धिको खबर सञ्चार माध्यममा आएलगत्तै उपभोक्ताहरूले यो त अति नै भयो, अब कसरी जिउने भनी आपत्ति जनाएका थिए र सामाजिक सञ्जालमा सिंहदरबार नघेरी नहुने आक्रोश पोखेका थिए ।

चामल, दाल, चिनी, जिरालगायतमा पनि अधिक मूल्यवृद्धि गरिएको छ तर सरकार बेखबर बनिरहेको छ । नयाँ सरकार गठन भएसँगै जनताले राहत पाउने आशा गर्थे । तर, जनताको आशामा तुषारापात हुन्छ । जनता महँगीको मारमा पर्छन् । जनदबाब नबढेको भए, गाउँ बस्ती र सहर बजारमा मूल्यवृद्धिको आवाज नउठेको भए सरकारले अहिलेको मूल्यवृद्धि फिर्ता लिँदैनथ्यो । फेरि यो मूल्यवृद्धि दसैंलगत्तै गर्ने अवस्था मौजुदा छ । आसन्न चाडवाडको सन्दर्भ जोडेर फिर्ता लिइएको मूल्यवृद्धि फेरि गर्ने संकेत सरकारले दिईसकेको छ ।

अचानक मूल्यवृद्धि गर्ने र लागु हुन नपाउँदै फिर्ता लिने सरकारको कार्यशैली कति केटाकेटी छ भन्ने कुरा सोही प्रकरणबाट थाहा लाग्छ । सरकारले कतै कुनै ठूलठूला व्यवसायी, व्यापारीको दबाबले मूल्यवृद्धि गरेको होइन ? यो मूल्यवृद्धिबाट सरकार जनताको पक्षमा नरहेको प्रस्ट हुन्छ या ठूलठूला व्यापारी र व्यवसायीहरूको पक्षमा रहेको थाहा हुन्छ ।

सरकार जिम्मेवारीपूर्वक अघि बढेको छैन । सरकारले साँच्चै देश र जनताको सेवा गरेको छैन । देशमा अल्पमतले बहुमतमाथि शासन गरिरहेको छ । शासन बहुमत जनताको हित या पक्षमा गर्नुपने हो । बहुमत जनताको हितमा काम नगर्ने व्यवस्थाको सरकारले बहुमत जनताको प्रतिनिधित्व गरेको छैन । यसकारण, सरकारको नेतृत्व हेरफेर मुख्य होइन यो पुँजीवादी व्यवस्था नैं बदल्नुपर्छ । पुँजीवादी व्यवस्था बदल्ने महान जिम्मेवारी कम्युनिस्ट पार्टीहरूले अघि बढाउनु पर्छ । तब मात्र नेपाली जनताले शान्तिको श्वास फेर्न पाउनेछन् ।

# दुई ढुंगे तरूलको मान्यता बदल्नुपर्छः हमाल

**काठमाडौं**/राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता रवि किरण हमालले नेपाल अब पृथ्वीनारायण शाहको पालाको मान्यता भन्दा माथि उठ्नुपर्ने बताएका छन् । राप्रपा अन्तर्राष्ट्रिय सम्बन्ध विभागद्वारा आयोजित ‘नेपालको परराष्ट्र नीतिः विगत, वर्तमान र भविष्य’ विषयक विचार गोष्ठी कार्यक्रममा सहभागी किरणले शीतयुद्धको धङधडी साथै पृथ्वी नारायण शाहले स्थापित नेपाल दुई ढुंगे तरुलको मान्यता बदल्नुपर्ने बताएका छन् ।

नेपालले राष्ट्रिय एकता कायम गर्ने, हिन्दुत्वको पहिचानलाई पुनःस्थापना गर्ने, नेपालको सभ्यता र संस्कृतिलाई पुनर्जागरण गर्नुबाहेक अर्को विकल्प नरहेको दाबि थियो ।

हाम्रा दुई छिमेकीहरु अन्तर्राष्ट्रिय राजनीतिलाई समेत प्रभावित पार्ने ल्याकत राख्छन्, आर्थिक रूपमा सम्पन्न हुँदैछन्, उनीहरुलाई मिलाएर जोडेर नेपालले उन्नति हासिल गर्ने खालको परराष्ट्र नीति अगाडि सार्नुपर्ने उनले बताए ।



राजाहरुले नेपाललाई बर्बाद बनाउने लक्ष्य सहित गिद्धे नजर राख्ने शक्तिलाई परास्त गरेको बताउँदै उनले भनेका छन्: विश्व बहु ध्रुवमा गइरहेको छ, नेपालले पनि आफ्नै ध्रुव निर्माण गर्न सक्नुपर्छ, कसैसँग जोडिएर होईन आफ्नै शक्ति निर्माण गरेर देखाउनुपर्छ ।

परराष्ट्र नीतिमा चार प्रमुख समस्या औंल्याउँदै उनले राष्ट्रिय एकता कायम गर्न नसक्नु, नेपालको हिन्दुत्व सहितको पृथक पहिचान स्थापित नहुनु, वैचारिक निकटताको आधारमा सम्बन्ध विस्तार गर्नु र सत्ता स्वार्थ प्रेरित भएर सम्बन्ध निर्माण गर्ने परिपाटीले परराष्ट नीतिमा संकट आएको बताए ।

## सामाजिक सञ्जाल

सर्वहारा वर्गका महान नेता कार्ल मार्क्स र एंगेल्सको निधनपछि विश्व कम्युनिस्ट आन्दोलनमा अवसरवादीहरूको समूह देखिए । कति कम्युनिस्ट नेता भन्नेहरूले मार्क्सवादको सारमै हेरफेर गर्ने या संशोधन गर्ने विचार व्यक्त गरे, कतिपयले विचारै फेर्न कम्मर कसेर लागेको इतिहास हामीले पढ्न पाएका छौं । त्यसकै प्रभाव हुन सक्छ, नेपालमा कम्युनिष्ट आन्दोलनमा यति धेरै अबसरवादीहरु देखिएका छन् र उनीहरु बेला बेलामा प्रकट भइरहन्छन् । त्यो कम्युनिष्ट भनिने नेपालका सबै पार्टीहरुमा छन् र त्यसको प्रभाव पनि परेको छ । नेपालका कति कम्युनिस्ट नेताहरू अवसरवादी र संशोधनवादी भए । क्रान्तिबाट पुँजीवादी राज्य सत्तालाई फालेर समाजवादको स्थापना गर्नुपर्छ भन्ने मार्क्सवादको सार तत्व हो तर पुँजीवादी राज्यसत्ताको स्वादमा डुबेका कम्युनिस्टहरू यो पुँजीवादी राज्य व्यवसायलाई फाल्न नपर्ने बताउँछन् । निर्वाचन र पुँजीवादी व्यवस्थाबाटै समाजवाद स्थापना गर्न सकिने उनीहरूको धारणा छ । यो विश्व कम्युनिस्ट आन्दोलनमा देखा परेको संशोधनवादको प्रभाव मान्न सकिन्छ ।

सम्झौं, जनक्रान्ति नगरी पुँजीवादी व्यवस्था के पल्टाउन सकिन्छ ? पुँजीवादी व्यवस्थामा कम्युनिस्टहरूको संसंदमा बहुमत प्राप्त हुँदैमा के समाजवाद स्थापना हुन्छ ? बहुमत हुँदैमा त्यो व्यवस्था फेरिने हो त ? कुनै पनि सत्ता वा व्यवस्था कसैले हल्ला गरेको भरमा ढल्दैन, ढल्ने छैन । सरकारको नेतृत्व गर्ने दल फेर्दैमा व्यवस्था परिवर्तन हुने व्यवस्था फेरिने होइन । देशका केही ठूला दल र पुँजीवादी सरकारमा गएका आफूलाई कम्युनिस्ट भनिने दलका नेता र लेखकहरू अब देशमा वर्ग संघर्ष वा आन्दोलनको आवश्यकता नभएको बताउँछन् । पुँजीवादी व्यवस्थामा रहेरै आमूल परिवर्तन हुन्छ भन्ने विचार संशोधनवादी विचार हो । नेपालका कम्युनिष्ट पार्टीहरुले अँगालेको सिद्धान्त, व्यवहार र कार्यनीति हेर्दा लाग्छ, उनीहरू कम्युनिस्ट नैं होइनन् ।

➢ **उज्वल न्यौपाने, सिन्धुलीमाढी**

पछिल्लो समय प्रदेशहरुको अधिवेशन त्यसमा पनि बागमतीको अधिवेशनमा जुन आन्तरिक लोकतन्त्रको मर्ममा नै प्रहार हुनेगरी पार्टी केन्द्रीय कार्यालय कब्जा गरेको नेतृत्व नै एउटा नेता जिताउन र अर्कोलाई हराउन नांगो रुपमा उत्रियो ।

स्वच्छ प्रतिस्पर्धाभन्दा पनि जनता र कार्यकर्ताको मन जित्न नसक्नेहरुको तिकडमले अब एमालेको आन्तरिक लोकतन्त्रको अभ्यासलाई विकृत बनायो । जनमत निर्माणमा दिनुपर्ने ध्यानलाइ पार्टी कब्जामा केन्द्रित गर्दा र कार्यकर्तालाई गुण र दोषको आधारमा व्यवहार गर्नुपर्नेमा पक्षधरताको आधारमा गर्दा अहिले देखिएको अन्तरघात नेतृत्वबाट नै सुरु भएको मानिनेछ ।

पार्टीका जनसंगठनहरु र विभिन्न कमिटीहरुमा गएर ‘यो पार्टीको आदेश हो, अध्यक्ष कमरेडको निर्देशन हो’ भन्दै आन्तरिक लोकतन्त्रको उपहास गर्ने अनुदारवादी गुटले एमाले कब्जा गर्न खोजिरहेको छ । सबैलाई थाहा छ, यो अध्यक्ष ओलीको लाइन होइन । तर, पार्टीका बहुसंख्यक पदाधिकारीसमेत किन मौन छन् ? मुख्य प्रश्न यो हो ।

एमालेको सिद्धान्त मुर्दा शान्ति होइन । अन्याय सहने मौनताले विद्रोहलाई जन्माउँछ र त्यो विद्रोह अराजकतामा जानसक्छ । त्यसैले अध्यक्ष ओली र पार्टीको नाममा मनपरी गर्नेहरुको हर्कतले सीमा नाघ्न नपाउँदै त्यसलाई विधि पद्धतिअनुसार संस्थागत रुपमा समाधान गरियोस् । राजनेतालाई पार्टीको साँघुरो घेराभित्रको विवादमा तान्ने हर्कत बन्द गरियोस् ।

त्यो प्रवृत्तिको शिकार भएर आज पार्टी कमिटीविहीन भएको एउटा कार्यकर्ताको हिसाबमा अझै पनि म भन्छु, नेपालको विकास, समृद्धि र सामाजिक न्यायको निम्ति एमालेको विकल्प अर्को पार्टी बन्नै सक्दैन । यही एमालेलाई उन्नत लोकतान्त्रिक र बलियो जनआधारित पार्टी बनाउनुको विकल्प छैन ।

त्यसैले आन्तरिक लोकतन्त्र बलियो बनाऔं, नेतृत्वले सबैलाई समान व्यवहार गरौं । तिकडम गरेर पार्टी कब्जामा हैन, जनमत बनाउन ध्यान दिउँ । जनताको बीचमा प्रतिस्पर्धाद्वारा श्रेष्ठता हासिल गर्न नसक्नेहरुको चंगुलबाट पार्टीलाई मुक्त गरौं । नेतृत्वको चाकडी र चाप्लुसीभन्दा आलोचना र समर्थन गरौं । एमालेको जस्तो संगठन र सशक्त कार्यकर्ता भएको बलियो पार्टीबाट पश्चिम बंगालको जस्तो नेतासँगै सकिने पार्टी हुनबाट रोकौं ।

➢ **दीपक न्यौपाने, खेलकर्मी**

संगठन निर्माण र जिम्मेवारीको सवालमा कम्युनिष्ट पार्टीले बनाउने विधि हेर्दा चीनले यसको उच्चतम प्रयोग गरेको देखिन्छ र त्यहाँको नेतृत्व समयानुकूल अब्बल छानिएकोसमेत देखिएको छ । नेपालको सवालमा भने मदन भण्डारीले जनताको बहुदलीय जनवादमार्फत कम्युनिष्ट पार्टीसमेत लोकतान्त्रिक प्रणालीमा जाने कुरामा जोड दिँदै अगाडि बढाउनुभयो र प्रतिस्पर्धामार्फत श्रेष्ठता नै अबको कम्युनिष्टको कार्यदिशा भनेर स्थापित गर्नुभयो ।

नेकपा एमालेको सातौं महाधिवेशनमा आन्तरिक लोकतान्त्रीकरणको कुरा केपी शर्मा ओलीले उठान गर्नुभयो र आठौं महाधिवेशनबाट त्यसलाई व्यवहारतः सुरु नै गरियो । वस्तवमा एमालेमा पार्टी जीवनको आन्तरिक लोकतान्त्रीकरणका अगुवा केपी शर्मा ओली नै हुनुहुन्छ । भलै अहिले उहाँको नेतृत्वलाई सिरानीमा राखेर केही व्यक्तिले ओलीले प्रतिपादन गरेको आन्तरिक लोकतन्त्रको वस्त्रहरण गरेका छन् ।

नेकपा एमालेको संगठन, यसको कार्यकर्ताको परिचालन हेर्दा पार्टी नेताको आकर्षणले भन्दा पनि पार्टीको तल तलसम्म रहेको संगठन नै मुख्य हो । एमाले एउटा पार्टीमात्र नभएर नेपाली समाजको ‘कल्चर’ भइसकेको छ । यो एक सामुदायिक संरचना पनि हो ।

➢ **सविन न्यौपाने, सिन्धुलीमाढी**

खबर हाम्रो, फैसला तपाईको: पलपलको खबरका लागि
प्रदेशखबर
www.epradeshkhabar.com
Email: sandeshjanapriya@gmail.com

ताजा दुध, दही, घिउ पनिर र खुवाका लागि हामीलाई संझनुहोस ।

कमलामाई डेरी प्रा.लि सिन्धुली
माझीटार,सिन्धुली (शिक्षा समन्वय कार्यालयसंगै) PHONE NO.- 9843354289

**भिड जहिले पनि त्यही बाटोमा हिँड्छ, जुन बाटो सजिलो छ । तर, यसको मतलब यो होइन कि भिड सधैं सही बाटोमा हिँड्छ । - अज्ञात**

## सम्पादकीय

# डगमगाउँदै सत्ता

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड चीन भ्रमणबाट फर्के लगत्तै सत्तारुढ नेताहरुको विरोधाभासपूर्ण अभिव्यक्ति सार्वजनिक हुन थालेको छ। प्रमुख सत्तारुढ दल नेपाली कांग्रेसका महामन्त्री गगन थापाले आगामी २०८४ को चुनावमा गठबन्धन नहुने ठोकुवासहित सरकारबाट मन्त्रीहरु फिर्ता हुनुपर्ने समेत अभिव्यक्तिले सरकार डगमगाउन थालेको संकेत दिएको छ । नक्कली भुटानी शरणार्थी प्रकरणमा कांग्रेस नेता बालकृष्ण खाँण जेल परेपछि कांग्रेसका नेता तथा कार्यकर्ताले गृहमन्त्री नारायणकाजी श्रेष्ठको राजीनामा पनि मागेका थिए । संसदमा पनि सरकारका कामकारबाहीलाई लिएर कांग्रेस सांसदहरुले बिमति जनाइरहेका छन् । यस्तै बेला सरकारको नेतृत्व गरिरहेको नेकपा माओवादी केन्द्रका नेताहरुले पनि भ्रष्टाचारका मुद्दा आउनसाथ सत्ताको प्रश्न उठ्ने हो भने सरकार छोड्न तयार हुनुपर्ने बताउन थालेका छन् । यसले सरकार परिवर्तनको चर्चालाई बल पुग्ने देखिन्छ । तर अर्कातिर निर्णय प्रक्रिया हेर्दा चाहिँ सत्तारुढ मात्रै नभएर प्रतिपक्षी शक्ति समेत कयौं मुद्दामा सहमति गरिरहेका छन् ।

केही दिन अगाडि सुन तस्करी प्रकरणमा प्रमुख विपक्षीसहितका दलहरुबीच जाँचबुझ आयोग बनाउने सहमति जुटेको थियो । यो आयोगले सरकारी संयन्त्रले गरेर मुद्दा अगाडि बढाएको सुन तस्करी बारे छानबीन गर्नेछ । जबकी पछिल्लो समय सुन तस्करी, ललिता निवास जग्गा हिनामिना, भुटानी शरणार्थी प्रकरण लगायतमा छानबीन गरेर राम्रै चर्चा पाइरहेको थियो । तर सरकारले गरिरहेको छानबीनप्रति प्रतिपक्षीले बिमति जनाएपछि दलहरुले सहमतिको अर्को बाटो समातेका छन् । राजनीतिक नेतृत्वमा यसरी जुटिरहेको सहमतिप्रति आमनागरिक भने आशंका देखिएको छ । किनकि दलहरुबीच सहमति जुटेर अगाडि बढ्ने छानबीनले राजनीतिक नेतृत्व जोडिएको प्रकरणमा निष्पक्ष प्रतिवेदन आउनेमा प्रशस्त आशंका गर्न सकिन्छ ।

तसर्थ सुन्दा आनन्द लागेपनि दलहरुबीच जुट्ने सहमतिको आधारमा मुलुकको कार्यकारीले काम गर्ने प्रवृत्तिले उचित नतिजा दिंदैन । त्यसैपनि अहिले सहमतिकै नाममा जनादेश कार्यान्वयन हुन सकेको छैन । आमचुनाव सकिएको ६ महिनाभित्रै प्रचण्डले संसदमा सहभागी लगभग सबै दलको समर्थन पाए पनि फेरि प्रतिपक्षी कित्तामा फर्कने सांसद संख्या बढेको छ। आमचुनावमा अप्रत्यासित मत पाएको रास्वपा सरकारमा मात्रै नभएर संसदीय समितिमा समेत एक्लिदै गएको छ । कोशी प्रदेशमा त चलिरहेको सरकार भत्काएर फेरि अर्को सरकारले स्थीरता पाउने संभावना समेत कमजोर बनेको छ । यी घटनाक्रमले कार्यकारीबाट गरिनुपर्ने सबै काममा सहमति भन्नेतिर लाग्नु उचित हुँदैन । बरु राजनीतिक नेतृत्वले आमसहमति नभएर संविधानको व्यवस्थाका आधारमा निर्णय लिन आवश्यक छ । कार्यकारीले पनि आवश्यकता भन्दा बढी विषयमा सहमति खोज्ने भन्दा पनि कानूनी व्यवस्थाका आधारमा निष्पक्ष काम गर्दै अगाडि बढ्न आवश्यक छ। आमनागरिकको चाहना पनि त्यही हो ।


शिद्धबाबा चाउमिन एण्ड सस उद्योग
क.न.पा.-४, ढुङ्ग्रेबास, सिन्धुली
9844094608



स्वच्छ सफा र स्वादिलो हाल्फ स्टिम थुक्पा, सिन्के चाउमिन चाहिएमा हामीलाई सम्झिनुहोस ।


# संशोधनवादीहरू कसरी मार्क्सवादी हुन सक्छन् ?

**□ कृष्ण गौतम**



मार्क्स र ऐंगेल्सको जीवनकालमै र उहाँहरूको निधनपछि विश्व कम्युनिस्ट आन्दोलनमा अवसरवादीहरू देखिए । कति कम्युनिस्ट नेता भन्नेहरूले मार्क्सवादको सारमै हेरफेर गर्ने या संशोधन गर्ने विचार व्यक्त गरे, कतिपयले विचारै फेर्न कम्मर कसे । त्यसकै प्रभाव नेपालमा पनि परेको छ । नेपालका कति कम्युनिस्ट नेताहरू अवसरवादी र संशोधनवादी भए । क्रान्तिबाट पुँजीवादी राज्य सत्ता लाई फालेर समाजवादको स्थापना गर्नुपर्छ भन्ने मार्क्सवादको सार हो ।

पुँजीवादी सत्ताको गुलियोमा भुलेका शासक कम्युनिस्टहरू यो पुँजीवादी व्यवसायलाई फाल्न नपर्ने बताउँछन् । निर्वाचन र पुँजीवादी व्यवस्थाबाटै समाजवाद स्थापना गर्न सकिने उनीहरूको धारणा छ। यो संशोधनवादी नीति हो । सम्झौं, जनक्रान्ति नगरी पुँजीवादी व्यवस्था के पल्टाउन सकिन्छ ? पुँजीवादी व्यवस्थामा कम्युनिस्टहरूको संसद्मा बहुमत प्राप्त हुँदैमा के समाजवाद स्थापना हुन्छ ? संसद्मा बहुमत हुँदैमा त्यो व्यवस्था फेरिने हो त ? कुनै पनि सत्ता वा व्यवस्था कसैले हल्ला गरेको भरमा ढल्दैन, ढल्ने छैन । सरकारको नेतृत्व गर्ने दल फेर्दैमा व्यवस्था परिवर्तन हुने होइन व्यवस्था फेरिने होइन । देशका केही ठूला दल र पुँजीवादी सरकारमा गएका आफूलाई कम्युनिस्ट भनिने दलका नेता र लेखकहरू अब देशमा कुनै सङ्घर्ष या आन्दोलनको आवश्यकता नभएको बताउँछन् । पुँजीवादी व्यवस्थामा रहेरै आमूल परिवर्तन हुन्छ भन्ने विचार संशोधनवादी विचार हो । संशोधनवादीहरू मार्क्सवादी हुँदैनन् उनीहरू कम्युनिस्ट नै होइनन् ।

वामपन्थी अवसरवाद र दक्षिणपन्थी अवसरवाद पनि मार्क्सवादविपरीत धारणा हो । क्रान्तिको परिस्थिति परिपक्व नहुँदै क्रान्तिको आह्वान गर्नु वामपन्थी अवसरवाद हो । नेकपा माओवादीले त्यसबेला थालेको 'जनयुद्ध' वामपन्थी अवसरवादको दृष्टान्त हो । क्रान्तिको परिस्थिति परिपक्व भइसक्दा पनि क्रान्तिको निम्ति काम नगर्नु या परिस्थितिलाई परिपक्व बनाउन अस्वीकार गर्नु दक्षिणपन्थी अवसरवाद हो ।

कम्युनिस्ट भनिने देशका ठूला दलहरू दक्षिणपन्थी अवसरवाद वा पुँजीवादी भासमा फसेका छन् । पुँजीवादी व्यवस्था फाल्न कम्युनिस्ट आन्दोलन गर्नुपर्ने दलका ती नेताहरू उल्टै कम्युनिस्टको विरोध गर्छन् र कहिले पुँजीवादी दल त कहिले राजावादी र क्षेत्रीयवादी दलसँग साठगाँठ गरी सरकारमा जान्छन्, साठगाँठ गरेर निर्वाचन लड्छन् र सरकारको भागबन्डा गर्छन् । हिजो एमालेले त्यस्तै गर्‍यो । आज माओवादीले त्यस्तै बाटो रोजेको छ । पुँजीवादी पार्टीसँग मिलेर, गठबन्धन गरेर के कम्युनिस्ट आन्दोलन अघि बढ्छ ? के कम्युनिस्ट पार्टी बलियो हुन्छ ? नेपालमा धेरै भ्रष्टाचार काण्डहरू भए । राडार काण्ड, मल काण्ड, चिनी काण्ड पुराना काण्डहरू हुन् । त्यस्तै काण्डहरू अहिले थप्दै छन् । सुन काण्ड, भुटानी शरणार्थी प्रकरण, ललिता निवास जग्गा काण्ड, पछि देखिएका भ्रष्टाचार काण्डहरू हुन् ? कहिले असमान सन्धि सम्झौता गरेर त कहिले काण्ड मच्चाएर देशमा धेरै देश घाती कामहरू भए । कुन दलले कहिले के कस्ता फेरि भ्रष्टाचार को काण्डहरू दोहोर्‍याउने हुन् ? अनुमान गर्न सहज छैन ।

नेपालको कम्युनिस्ट आन्दोलन अघि बढाउनमा वामपन्थी र दक्षिणपन्थी अवसरवाद बाधक देखिएका छन् । अतः अवसरवाद र संशोधनवाद पुँजीवादी विचार हो । पार्टीलाई चिन्ने आधार उसले कुन वर्गको प्रतिनिधित्व गरेको छ, कस्तो विचार लिएर अघि बढेको छ ? त्यो विचारलाई लागू गरिरहेको छ कि विरोध गरिरहेको छ, व्यवहारबाट जाँच्ने हो ।

ख्रुश्चेभलगायत सोभियत कम्युनिस्ट नेताहरूले पुँजीवादी विचार लिएकोले पार्टी र सरकारलाई संशोधनवाद र सामाजिक साम्राज्यवादमा पतन गरायो र सोभियत संघनैं विघटन भयो । नेपालका ठूला भनिने कम्युनिस्टहरू पुँजीवादी विचार बोकेकै कारण भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको पछि लागे । नेपाल र नेपालीको हितभन्दा भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको हितमा नेपालका शासकहरू पछि लागे । यो कम्युनिस्ट पार्टीलाई सुहाउने विषय होइन ।

यसमा सच्चा कम्युनिस्टहरू सतर्क र चनाखो हुनैपर्छ ।

# जिन्दगीमा ठूलो होइन असल मान्छे बनौं

**□ रमेश राज सुवेदी**

जिन्दगीमा खुसी मन लिएर बाँच्न थुप्रै खुसीहरू चाहिने होइन रहेछन्, एक दुई वटा अमूल्य खुसीका क्षणहरू नै काफी हुँदा रहेछन् । त्यस्तै क्षण हो छोरा, हाम्रो लागि दोस्रो सन्तान अर्थात अमूल्य रत्न भएर तिमी यस धर्तीमा आएको दिन । आज असोज १७ गते मेरो छोराको जन्मदिन । आज मेरो छोरो १२ बर्ष पूरा भएर १३ बर्ष लागेको दिन । आजकै दिन मैले सन्तानबाट पुर्णता प्राप्त गरेको दिन । आजकै दिन मैले छोराको बाबा बन्ने सौभाग्य प्राप्त गरेको दिन। आजकै दिन मेरो भाग्यमा लेखिएको ठुलो खुशी प्राप्त भएको दिन। भगवानबाट प्राप्त मेरो जिबनको यो अमुल्य उपहारको जन्मदिनमा म उसलाई के उपहार दिउ भनेर धेरै सोचे । जसको आगमनले मेरो जिबनमा खुशी र उमंग छाएको थियो । जसको आगमनले मेरो जिबनको गन्तव्य नै परिबर्तन भएको थियो । उसलाई म के उपहार दिउ जो आफै मेरो जिबनमा अमुल्य उपहार बनेर आएको छ। उसको अगाडि कुनै पनि बहुमुल्य उपहार फिका लाग्यो मलाई । त्यसैले आजको दिन छोरालाई उपहार स्वरुप प्रदान गर्नको लागि उ प्रतिको मेरो माया,बिश्वास र भावना समेटिएको यो मेरो लेख उसलाई जन्मदिनको उपहार स्वरुप प्रदान गर्न चाहन्छु । उ प्रतिको मेरो माया,बिश्वास र भावनालाई शब्दमा बयान गर्न त सकिदैन तर पनि सानो प्रयास गरेको छु ।

छोरा तिमी मेरो मात्र अंश होइन बाबा मामु दुवैको अंश हौ, अनि सिङ्गो परिवारकै पनि । तिमीले खुसीको आँसु झार्दै ॐ अस्पताल, चाबहिल, काठमाडौबाट हाम्रो जीवनमा प्रवेश गरिरहँदा तिम्रो मामुले पाएको अनि खपेको दुःख, पीडाका क्षण र अनगिन्ती समर्पणहरूलाई व्यक्त गर्न मसँग शब्दहरू नै छैनन्। पितृसत्ताको नजानिँदो प्रभावले होला तिम्रो मामुलाई पनि तिमी मेरो अंश हौ भन्ने लागेको, खासमा त तिमीलाई तिम्रो मामुले नै आफूभित्रको एक अंश जसरी संगालेर हुर्काउँदै यहाँसम्म पुर्याइन्, जसमा मेरो अटुट साथ मात्र रह्यो। जे होस् तिम्रो मामुको खुसी नै मेरो खुसी हो, त्यसैले उनको इच्छा मुताविक तिमीलाई हामीले भाइ भनेर बोलाउने निर्णय गर्यौं। बाँकी तिम्रो आफ्नो पहिचान र छुट्टै परिचय आफ्नै सत्कर्मले निर्माण गर्न सफल हुनु तिमीलाई शुभकामना। जीवनमा ठूलोभन्दा पनि असल व्यक्तिको रूपमा तिमीलाई उभ्याउने हाम्रो प्रयास सधैं रहनेछ ।

यो हाम्रोमात्र होइन तिम्रो बुबा, आमा र सकल परिवार कै चाहना हो । थाहा छ, तिम्रो बुवाको आँखामा पनि तिम्रा लागि कैयौं सपनाहरू छन्, जुन पूरा हुने दृढ विश्वासमा उहाँ अडिग हुनुहुन्छ। तिमीले आफ्नो मामुको सम्मान र आदरभाव सदैब गर्नुपर्नेछ। किनकि आफूलाई जन्म दिने आमा ती हुन्, जसले सन्तानको सुख र खुसीका लागि आफ्ना सयौं खुसीका तिलाञ्जली दिएकी हुन्छिन्। जसरी मलाई मेरो मुमाप्रति गर्व र आदर भाव छ तिमीलाई त्योभन्दा पनि बढी हुनुपर्छ बाबु। मलाई तिमी पनि समयसापेक्ष प्रविधिमैत्री भएको हेर्न मन छ तर प्रविधिको साँघुरो मोबाइलको परिधिभित्रै समेटिएको भने हेर्न मन छैन, त्यसै गरी किताबी ज्ञानभन्दा व्यवहारिक ज्ञानमा पोख्त भई देश विदेशसम्म फैलिएको हेर्न मन छ। त्यो सँगसँगै अन्य धेरै अभिभावकहरुको चाहना जस्तै तिमीलाई पनि धैर्यवान, दूरदर्शी र असल संस्कार सहितको साक्षर र सफल व्यक्तिको रूपमा हेर्न मन छ। आशा छ, तिमीले मेरो कुरालाई पछि बुझ्नेछौ र अवलम्बन गर्नेछौ । आज तिम्रो १३ औ जन्मोत्सवमा मेरो भौतिक उपस्थिति त हुन सकेन तर मेरा सुवेक्षाहरू र शुभ-आशीर्वाद सदा तिमीसँगै छ। जसरी हिजो हाम्रो बुबा र मुमाले हाम्रा लागि संघर्ष गर्नुभयो आज त्यस्तै मार्गमा हामी दौडिरहेका छौं । हरेक अभिभावकहरुले आफ्ना सन्ततीको सुन्दर भविष्यका लागि कहिले आफ्ना खुसीसँग सम्झौता गर्दछ त कहिले उनीहरूको लागि खुसी बटुल्छु भन्दै टाढा-टाढासम्म भौंतारिने गर्दछन् । ठिक त्यस्तै परिस्थितिमा छु म बाबु, यो कुरा भोलि बुझ्ने भएपछि सबै तिमीले बुझ्नेछौ ।

यसपटकको तिम्रो जन्मदिनमा तिमीसँग हुन सकिनँ त के भो, आउने थुप्रै जन्मदिनहरू प्रेमका स्पर्श सहितका थुप्रै खुसी साट्दै मनाउला नी । फेरि तिम्रो मामु अनि पूरै परिवारको अपार मायाले तिमीलाई मेरो अभाव खड्किन दिएको पनि त छैन नी हैन । मेरो बुबा र मुमालाई तिम्रा हरेक क्रियाकलापहरु मैले सानो छँदा गरेजस्तै लाग्छ रे, तिम्रो मामु मसँग टाढा भएर बस्नुपरेको न्यास्रो तिमीसँगै भुलेर मेटाउने गर्छिन रे, मेरो सामिप्यताको अभाव महशुस गर्ने तिम्री दिज्युलाई तिम्रो साथले भरपुर आनन्द दिएको छ रे। अनि यो सब कुरा सुनेर मेरो मन हर्ष विभोर हुने मात्र होइन मलाई आफू टाढा भएको अनुभूतिसम्म हुँदैन। जे होस यो सबमा तिमी नै त कारणको रूपमा रहेका छौ। यसरी नै सधैं हाम्रो परिवारको खुसीको कारण भइरहनु । हाम्रोमात्र होइन सिंगो देश र आफ्नो ठाउँ, समाजका थुप्रै दुखेका मनहरूको समेत खुसीको कारण बन्न सक्षम हुनू, आशीर्वाद छ छोरा तिमीलाई। फेरि पनि भन्छु छोरा, जिन्दगीमा ठूलो मान्छे होइन असल मानिस बन्नू, तिम्रो बाबाको तर्फबाट तिमीलाई जन्मदिनको धेरै धेरै शुभकामना ।**मन्थली-१, रामेछाप**


सिन्धुली जिल्लामा लोकप्रीय ब्राण्डका जुत्ता तथा चप्पलको होलसेल तथा खुद्रा विक्रिका लागि हामीलाई संझनुहोस् ।



प्रो. राजकुमार श्रेष्ठ ९८५४०४०१९८
राशिश जुत्ता पसल
(स्टल बजार तथा लक्ष्मी बैंकसँगै) RASIS SHOSE HOUSE

# सिन्धुलीका सिंहदरवारको उपहार: गाउँमा करोडौंका भ्यूटावर !

**सिन्धुली/** /समाजवादी यात्राको मन्त्र जपेझैं गरेर विगत ६ वर्षयता एकात्मक राज्य व्यबस्थाको राजधानी काठमाडौंको न्यास्रो मेटाउनै भएपनि जिल्ला जिल्लाका सिंहदरवारहरुले भ्यूटावर बनाउने फेसनको बहारनैं ल्याए र घनीभूत भएर मौलायो पनि ।

स्वयं प्रकृतिले बनाइदिएको भ्यूटावर अग्ला चुच्चुरा र डाँडाँहरु र प्राकृतिक स्रोत सम्पदाको संरक्षण र सजिसजाउमा जुट्नुपर्ने स्थानीय सिंहदरवार र त्यसका सञ्चालकहरु जंगल फाँडेर ध्वंस मच्चाउँदैछन् । डाँडाँ डाँडामा डोजर र स्काभेटर चलाएर प्राकृतिक र मनोरम भ्यूटावरहरु बुढाबुढीको दाँत झरेको र हल्लिएझैं खिस्रिक्क परेर बसिरहेका छन् ।

त्यसको परिणाम स्वरुप बर्षा हुने वित्तिकै लाग्ने पहिरो र भूक्षयले प्राकृतिक भ्यूटावर डाँडाकाँडा रूपहीन भएर नेपालको बन तस्कर को धन भनेझैं ‘गाउँ गाउँका भ्यूटावर छोटे राजाहरुको धन’ भन्ने नयाँ उखान परिणत भएको छ । विगतमा सम्पन्न तीनै तहको निर्वाचनपछि बनेका सिंहदरवार रूपका ठेकेदार र कमिसनखोर मार्फत पूर्वाधार निर्माणको डङ्का पिटेर लंका हाँकिरहेको बामपन्थी नेता एकलाल श्रेष्ठको बुझाई छ ।

कम गुणस्तरका रड, सिमेन्ट, बालुवा, इटा र गिट्टीको मात्रा नमिलाई मिसाएर कमाउ धन्दाको फण्डा बलियो ढंगले चलिरहेको घटना सिन्धुलीको कमलामाई नगरपालिका वडा नं. ५ च्याउँकोटमा बाग्मती प्रदेश सरकारको ३ करोडको लगानीमा निर्माण सम्पन्न भएको भनिएको भ्यूटावरले पुष्टि गर्दछ । सो भ्यूटावरमा गुणस्तरहिन निर्माण सामाग्री प्रयोग गरिएपछि तत्कालिन नगरप्रमुख खड्गवहादुर खत्रीले त्यहाँ प्रयोग गरिएको इटा निकालेर फालेका थिए ।

कतै पालिकाहरूका नदी र खोला किनारमा माछापालन, स्वयं बने का प्राकृतिक क्षेत्रलाई पार्क बनाउने नाममा बजेटको ब्रम्हलुट, कतै बाटो बनाउने नाममा वन फँडानी गरेर बन बिनास र नाम मात्रका दृश्यावलोकन स्तम्भ ठड्याएर करोडौं र अर्बौं विदेशी अनुदान र ऋणको सेटिङमा बागमती प्रदेशका स्थानीय सिंहदरवारहरु चलिरहेको छ । पर्यटकीय विकासको डंका पिटाएर प्राकृतिक श्रोत, सम्पदा र संस्कृतिको विनाशले बागमती प्रदेशका स्थानीय सिंहदवारलाई कता लगेर सिध्याउँछ, त्यसको कुनै ठेगान छैन भन्छन्: अर्थबिद रामेश्वर खनाल ।



विगत स्थानीय चुनावमा आफ्नो पक्षमा मत तान्न रजौटाहरूले पूर्णरूपमा निर्मित नभइसकेका अर्धनिर्मित र फिनिसिङ नभइसकेका भ्युटावरलाई उद्घाटन, अनावरण, शिलान्यासका कार्यक्रमहरु सम्पन्न गरे । ‘भोक, रोग र शोकले अर्धचेत नागरिकमा उत्पादनमूलक कामको उपहार दिनुको साटो अनुत्पादनमूलक कंक्रिटे स्तम्भ बनाइरहेकाछन् जसले स्थानीय सरकारको आलोचनाको स्वरलाई तीब्र बनाइरहेको छ ।’ राजनैतिक विश्लेषक एवम् कानून व्यवसायी प्रेमचन्द्र दाहालको विश्लेषण छ ।

**२३ करोडको भ्यूटावरहरु !**

बागमती प्रदेश सरकारले महत्वका साथ बनाएका अधिकांश भ्यू टावर हरू उद्घाटनको पखाईमा त केही निर्माणको अन्तिम चरणमा रहेका देखिन्छन् । तत्कालिन मुख्यमन्त्री डोरमणि पौडेल नेतृत्वको प्रदेश सरकारले भ्यू टावर निर्माणका लागि सिन्धुलीका ३ स्थानीय तहका लागि झन्डै २३ करोड बजेट विनियो जन गरेको थियो । पालिकाको के हीको व्यक्तिगत स्वार्थमा ठडिएका भ्यू टावरहरूले स्थानीय र प्रदेश सरकारको आवश्यकता र प्राथमिकता लाई प्रस्ट पारेको छ। उनी नेतृत्वको बागमती प्रदेश सरकारका पालामा निर्माण कार्य सुरू भएका यी भ्यू टावरहरू संघीयताको विकासको मोडेल बनेका छन् ।

भ्यू टावर विकासले संघीय नेपालमा कस्तो खालको विकास हुनुपर्छ र नेपालको आवश्यकता के हो भन्ने विषयमा समेत बहस सुरू भएको छ। एकातिर लथालिङ्ग सामुदायिक विद्यालय र अर्कातिर प्रकृतिलेनै उपहार दिएका डाँडा र चुचुरोमा ठडिएका भ्यू टावरले नेपालको आवश्यकता र प्राथमिकताका विषयमा बहस गर्न जरुरी देखाएको छ । बागमती प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव अमृत श्रेष्ठले आगामी आर्थिक वर्षमा नयाँ भ्यू टावरका लागि बजेट विनियोजन नगरेको बताए । बागमती प्रदेश संस्कृति पर्यटन तथा सहकारी मन्त्रालयका सचिव गो बिन्दप्रसाद रिजालले सरकाको भ्यू टावरको विकास मोडल भने उनले पर्यटन मन्त्रालयको सचिवको नेतृत्व सम्हालुभन्दा अगाडिको रहेको बताए ।

सिन्धुलीको कमलामाईको सिद्धवावा, फिक्कलको पिक्कल चुचुरोमा र गो लन्जोरको गोलन्जोर डाँडामा १३ करोड लगानीमा भ्युटावर बनेको छ। यी तीनवटै भ्युटावर उदघाटनको पखाईमा बसेको छ ।

बागमती प्रदेशसका पूर्व सदस्य बिनोद खड्का भन्छन्: संघीयताको अभ्यास गरेसँगै पर्यटन पूर्वाधार विकासका नाममा सबैतिर भ्यूटावर, शहिद पार्क र शालिकहरु बनाउने लहरनैं चल्यो, हामी पनि राम्रै होला ती संरचना बनाउने तर्फ लाग्यौ, तर अहिले हामीले बिगतमा बनाएका कंक्रिटका संरचनाको उपलव्धी वारे गंभीर समिक्षा गर्ने अबस्थामा आएको छ । अब हामीले कंक्रिटे विकास होइन, जनताको आर्थिक अबस्था माथि उठाउने र उत्पादन प्रणालीको विकास गर्ने योजना चाहिएको छ, हामी सबैले जनताको मन जित्नेगरी काम गर्नुपर्छ ।

निकै प्रचलित उखान ‘कामकुरो एकातिर कुम्लो बोकी ठिमीतिर’ भनेझैं स्थानीय सिंहदरवारको यात्रा कुहिरोको काग बनिरहेको छ । स्थानीय सिंहदरवारका काम कार बाही र विकास निर्माणका कामहरु आफ्ना कार्यकर्ता पोस्ने र आफ्नो कमाउधन्दा मौलाउने भन्दा फरक छैन ।

तर यसो भन्दैमा सबै स्थानीय सर कार प्रमुख असक्षम हुन् भन्न खोजे को भने होइन । केही यस्ता अब्बल जनप्रतिनिधी चुनिएका छन्, जोसँग स्काभेटर, डोजर र ट्याक्टर छैन । उनीहरुसँग ठेक्का पट्टाको लाइसेन्स छैन र राजनीतिलाई पेशा व्यवसाय बनाउनु छैन, छ त केबल आफ्नो ५ वर्षे कार्यकाल जनमुखी र अब्बल बनाउनु छ। त्यसैले स्थानीय सरकार सञ्चालनको यो बाँकी कार्यकालमा भ्यूटावरको विकास, ठेकेदार र मालिक होइन, जनताको सेवक बन्न जरुरी छ ।


भेटेरेनरी अस्पताल तथा पशु बिज्ञ केन्द्रको अनुरोध

- पशु ढुवानी गर्दा पशु स्वास्थ्य प्रमाणपत्र बनाई तोकिएको मापदण्ड पालना गरि ढुवानी गरौ, पशु अधिकारको संरक्षण र प्रवर्द्धन गरौं ।
- घरपालुवा कुकुरहरुलाई रेबिज विरुद्धको खोप अनिवार्य रुपमा लगाई प्राणघातक रेबिज रोगबाट बचौ र अरुलाई पनि बचाऔ ।
- बर्षभरि हरियो घास उत्पादन गरि उत्पादन लागत कम गरौं, पशुजन्य उत्पादनमा वृद्धि गरौ ।
- माछा खाउ, स्वस्थ मुटु कायम गरि निरोगी रहौ ।
- स्वस्थकर दुध, अण्डा, मासु खाई निरोगी बनौ ।

भेटेरेनरी अस्पताल तथा पशु बिज्ञ केन्द, सिन्धुलीमाढी

;fj{hflgs lxtsf]nflu hf/L ;'rgf

- चालु आर्थिक वर्षमा बनेका सडकको निगरानी बढाऔं ।
- विकास निर्माण कार्यमा तपाई/हामीले अनावश्यक अवरोध नगरौं ।
- सडक पेटी किनारामा जथाभावी सवारी साधन
- पार्किङ नगरौं ।
- सडक पेटी किनारामा जथाभावी निर्माण सामग्री नराखौं ।
- सडक पेटीमा जथाभावी व्यापार/व्यवसाय नगरौं ।
- सडक निर्माण तथा संरक्षण कार्यमा सहयोग गरौं ।
- सवै सवारी साधन चालक महानुभावहरुले लेन अनुशासन कायम गरौं ।
- सवारी चालक महानुभावहरुले सडक पेटीमा
- बटुवाको ध्यानलाई मध्यनजर गरी सडक लेनअनुसार सवारी साधन चलाऔं ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक बिभाग
प्रादेशिक सडक डिभिजन, सिन्धुली

सिन्धुलीमा होलसेल तथा खुद्रा मुल्यमा ताजा तरकारी पाइन्छ ।

बिवाह होस् वा पार्टी, पिकनिक होस् वा पुजाका लागि कतै जानैं पर्दैन। सिन्धुली जिल्लाकै उत्पादन हामी तपाईको घरमै ल्याइदिन्छौं।



- विषादी प्रयोग नगरिएका सागसब्जी
- आलु, लसुन, प्याज, खुर्सानी, हरियो धनियां, टमाटर
- मोटरकोसा, बन्दा, काउली, ब्रोकाउली,कागती, दालहरू



राकेश तरकारी पसल, तरकारी बजार, सिन्धुली,फोन: ९८४४०९१९७७

# अर्जुन थापाको कथा : फुल

"दाइ दाइ" आवाजले टक्क अडिन्छ ऊ । चारैतिर नजर दौडाउँछ । सुनसान सडक छ। फ्याट्टफुट्ट गुडिरहेका गाडीहरु छन् तर कोही देखिँदैनन्। भ्रम परेको होला भनेर ऊ फेरि अगाडि बढ्छ। फेरि आवाज आउँछ, "दाइ दाइ।" "दाइ, यता तल क्या ! कस्तो नदेख्नुभएको मलाई ?" माइतीघरको मण्डलमा लस्करै फुलि रहेको फूलहरुमध्ये कुनैबाट आवाज आइरहेको छ । "तिमी पो ! यस्तो सुनसानमा कसले बोलायो भनेर अचम्म परेको त," फूल तिर हेर्दै ऊ ।
"मुखमा मास्क लगाएर हिँड्दा त चिनँ टाढैबाट तपाईंलाई मैले । तपाईं भने !" खिसिक्क हाँस्दै फूल ।
"सबैलाई चिन्न छाडिसकेको छु म अचेल मैले । अब त आफैँलाई चिन्न छाड्ने पो कि भन्ने डर लागिर हन्छ," फूल नजिकै गएर भन्छ ऊ ।
"यस्तो लकडाउनको बेला पनि किन डुल्न निस्केको त ? कि लकडाउन छ भन्ने नै बिर्सनु भयो ?" जिस्काउँदै फूल ।
"भोलि केही होला जस्तो छ, मण्डलामा नै आइराख्नु भनेको भएर आएको त, सुनसान पो छ त!" चारैतिर आँखा डुलाउँदै ।
"तीन चार दिन अगाडिसम्म त केही चहलपहल नै थियो । हिजोदेखि सबै बन्द छ । कुरा मिल्यो रे भन्ने सुनेको हो मैले पनि," बाक्लिदै गएको केटोको सेतो दाह्रीलाई हेर्दै भन्छे फूल ।
"यो कोरोनाको कारण व्यापार चौपट भयो नि मेरो ! दिनमा एउटा न एउटा पार्टीको सभा जुलुस भै रहन्थ्यो र मेरो व्यापार पनि फस्टाएको थियो । बिस्तारै सम्पर्क बढ्दै थियो," खल्तीमा रहेको आधा खिल्ली चुरोट सल्काउँदै ।
"त्यही त नि ! यो लकडाउन भयो भन्ने खबर सुन्नेबित्तिकै तपाईंको अनुहार झट्ट आएको थियो दिमागमा मेरो । विगत केही वर्ष देखि लगातार यही मण्डलामा आएर पार्टी पिच्छेको झण्डा बोक्दै कराउनु भएको थियो। कति पटक त पुलिसले गाडीमा हालेर लगेको पनि देखेकी छु तपाईंलाई । र, तपाईंको लवाइखवाईमा आएको परिवर्तन पनि राम्ररी देखिरहेकी थिएँ," चुरोटको धुँवाबाट आफूलाई जोगाउँदै फूल ।
"दिनमा तीन चार घण्टा यही मण्डलामा आएर उनीहरुले सिकाएको कुराहरुलाई क्यामेरामा बोकेका पत्रकारका अगाडि चिच्याई-चिच्याई करायो बस् । पैसा पनि राम्रै पाउने र खाना पनि । बिस्तारै कमिसन लिएर भाडामा मान्छेहरु पनि राखेको थिएँ । जति मान्छे चाहियो भन्ने माग हुन्थ्यो, त्यति व्यवस्था गरिदिन्थेँ। यही हिसाबले व्यापार बढेमा अर्को वर्षसम्ममा काठमाडौंमा नै थोरै भए पनि जग्गा लिने विचारमा थिएँ ।" मण्डलाको छेउमा खम्बामा झुण्डिरहेको च्यात्तिएर लखतरान परेको नेपालको झण्डालाई हेर्दै भन्छ ऊ ।
"देशमा भएका हरेक पार्टीका मान्छे हरुसँग सम्पर्क छ होइन र ? किन सहयोगको लागि भन्नु हुन्न त तपाईं ?" उपाय बताउँदै फूल ।
"गतिविधि ठप्प छ । तिमी भन्दा खत्तम अवस्थामा छौँ हामी त झन् भनेर भन्छन् जुन पार्टीवालालाई भने पनि । रोगले भन्दा पनि भाकले मार्ने भयो त अब," मुखभित्र खैनी हाल्दै । बीच सडकमा ४-५ वटा गाईहरु आरामले बसिरहेका छन् । त्यत्तिकैमा परबाट एउटा मत्तको साँढे आएर एउटा गाईमाथि चढ्न थाल्छ। अलिपर रहेका ट्राफिकहरु गोरु गाईमाथि चढेको खुब चाख दिएर हेर्न थाल्छन् ।
"मेरो एकएक गरेर पत्रकारझैं सबै सोध्यौ तिमीले अनि तिम्रो चैं के छ नि खबर?" अब उसले सोध्न थाल्छ फूललाई ।
"नरिसाउनु होला दाइ, हामी अहिले यति खुशी छौँ कि के भन्नु !" अनुहारमा चहक ल्याउँदै फूलले भनी, "नदेखेको र नसुनेको भइरहेको छ । बिहान हुन पाएको छैन गाडीहरुका बैराग लाग्ने टाईं र टुईंका आवाज । थोत्रा गाडीहरुबाट निस्केको कालो मुस्लोहरु । जसले गर्दा मेरा सन्तानहरु फक्रिनुपूर्व नै ओइलाइसकेका हुन्थे । दिन छिप्पिन पाएको छैन, च्याउसरि उम्रेका राजनीतिक दलहरुका जुलुसले हामी हैरान भइसकेका थियौं । हामीमाथि निर्वाध रुपमा हिडिँदिन्थे । खैनी गुट्खा खाएर हामीमाथि नै पिच्च थुकिदिन्थे । कुस्ती खेल्ने मैदानजस्तो भएको थियो यो ठाउँ । ऊ त्यो सयपत्री फूल तपाईंले कुल्चिदा ढलेको, अझैसम्म उठ्न सकेकी छैन," रिसाउँदै भन्छ फूल ।
बिस्तारै मण्डलाभित्र आँखा दौडाउन थाल्छ उसले । वरिपरि फुलिरहेका सुन्दर फूलहरु एकआपसमा जिस्कँदै मस्किदै खेलिरहेका ।
भँमराहरुले निर्वाध रुपमा छानी छानी फूलका रस पिइरहेका देख्छ । सफा र शान्त भएर बसिरहेको मण्डल देख्दा एक्कासि आत्मग्लानि भएर आउँछ उसलाई । जुरुक्क उठ्छ, बिस्तारै पाइला सार्दै एक एक गरेर सुन्दर फूलहरुलाई मुसार्न थाल्छ । प्रदर्शनको क्रममा यहाँ आएर उफ्रेको, कोपिला लाग्दै गरेको फूलहरुलाई उखेलेको, आफूले भाडामा ल्याएका मान्छेहरुलाई तोडफोड गर्न लगाएको आदि हरेक कुराहरु सम्झन थाल्छ ऊ । एक फन्को लगाई सकेपछि फेरि अघिकै फूल नजिकै गएर बस्छ ऊ ।
"सानै भए पनि सुन्दर देश हाम्रो । संसार भरिमा सुन्दर मन भएका हामी । तर कथित व्यक्तिका पछाडि लागेर आज हामी कहाँबाट कहाँ पुग्यौं! अघि तपाईंको कुरा सुनिरहें मैले तर जुन व्यापारको कुरा गर्नुभयो त्यो व्यापारबाट केही दिनका लागि तपाईंको अनुहारमा खुशी ल्याउला तर त्यही खुशीले भित्रभित्रै तपाईंलाई खोक्रो बनाउने थियो । हामीले मात्र आजको र आफ्नो सोच्नाले यो हविगत भयो । देशमा धेरै पार्टीहरुको जन्म भए तर ती पार्टीहरुले देशको नभएर मात्र आफ्नो दुनो सोझ्याउने काम गरे । हेर्नुस् त ! संसारभर महामारीको अवस्था छ । तर पनि यसबाट ठूलो शिक्षा लिन सक्नुपर्छ हामीले । संसारका शक्ति राष्ट्रहरुले पनि हात उठाएको अवस्था छ । भनेपछि ठूलाठूला हातहतियार, मिसाइल तथा पैसाले के नै गर्न सक्दो रहेछ र ! रोग लागिसकेपछि पैसाले केही गर्न सक्दो रहेनछ भन्ने अहिलेको अवस्था भन्दा राम्रो उदाहरण अरु के होला र? मृत्युपश्चात् चार जनाले आँशु खसाल्ने बाटो राखेमा मात्र उसले जन्म लिएको सार्थक हुन्छ जस्तो लाग्छ । समयमा हुँदैमा आफूलाई सुधार गर्न सकेन भने।"
फूलको कुरा केहीबेर सुनिसकेपछि ऊ बिस्तारै उठ्छ त्यहाँबाट। अघि यहाँ आउँदा जुन भारी मन लिएर आएको थियो, फर्कंदा हलुङ्गो बनाएर फर्कंदै छ । अनुहारमा छुट्टै चमक देखिएको छ उसको । मण्डलको बीचमा उभिएर, सकेको लामो श्वास लिएर ऊ बिस्तारै अगाडि बढ्छ ।

# सातको कविता

## अहँ हुँदै हुँदैन


कृष्ण मोक्तान

साँठगाँठ ऊनीहरुसँग
उठबस उनीहरूसँग
साझेदारी उनीहरूसँग
जिम्मेवारी हामीहरुसँग ?
अहँ हुँदै हुँदैन ।

कमाउने उनीहरूसँग
जमाउने उनीहरूसँग
रमाउने उनीहरूसँग
समाउने हामीहरुसँग ?
अहँ हुँदै हुँदैन ।

खास उनीहरूसँग
सास उनीहरूसँग
बास उनीहरूसँग
उपहास हामीहरूसँग ?
अहँ हुँदै हुँदैन ।

भित्र उनीहरूसँग
मित्र उनीहरूसँग
चित्र उनीहरुसँग
चरीत्र हामीहरूसँग ?
अहँ हुँदै हुँदैन ।

डोकोले छोपेर
आफ्नालाई रोपेर
अझै मान्दिनुपर्ने
नेता ठान्दिनुपर्ने
तिमी करोडमा
हामी रोडमा ?
अहँ हुँदै हुँदैन ।

(मोक्तान नेकपा एमाले सुनकोशीका नेता हुन्)

## गजल


अर्जुन धमला

सधैँ यो मेरो दिलको आसपास हुँदैछ
एउटा मान्छे मेरो लागि खास हुँदैछ

अन्जान अन्जानमै हिँडिरहेथैँ हिजोसम्म
यात्रा के रहेछ, बल्ल आभास हुँदैछ

प्रेममा परेको मान्छे पागल हुन्छ सुनेथें
हो रहेछ यो दिल त उसैको दास हुँदैछ

कुर्सीमा बस्नेहरूले खुब आश देखाए
त्यसैले यो जिन्दगी सत्यानाश हुँदै छ

वर्षा नलाग्दै चुहिन्छन् घरका छानाहरू
यही सम्झेर यो मन निराश हुँदै छ

## गजल


सुरेशकुमार पाण्डे

समाजमा विभेद हुन्छ कुसंस्कार हुर्किन्छ
निजी स्वार्थमै देशभित्र भ्रष्टाचार हुर्किन्छ

बेच बिखान हुन्छन् देश विदेश चेली बेटी
पुँजीवादमा भ्रष्टाचारकै व्यवहार हुर्किन्छ

क्रान्तिकारी आन्दोलन चर्काउँदा पनि सधैँ
त्यही आन्दोलन भित्रबाट गद्दार हुर्किन्छ

मानव तस्कर यसैमा सुन चाँदी, बम गोला
पुँजीवादभित्र मदिराको व्यापार हुर्किन्छ

सकियो गाई भैंसी पाल्ने चलन यो देशमा
बाल बच्चामै कुपोषणका बिमार हुर्किन्छ

सरकारभित्र नै भ्रष्टाचार फैलिएपछि यहाँ
विदेशी चलखेल उनैको कारोबार हुर्किन्छ।


# पिउने पानी प्रयोगमा सचेतता अपनाऔं

वर्षातको समयमा तपाई हामीले प्रयोग गरेको खानेपानीको धारामा धमिलो पानी पनि आउन सक्छ । धमिलो पानी आएमा पानीलाई फिल्टर गरेर वा थिग्राएर, तताएर वा कुनै पनि बिधिबाट शुद्धिकरण गरेरमात्र प्रयोग गरौं । मानव शरिरमा लाग्ने धेरैजसो रोग दुषित पानीको कारणले लाग्ने भएकाले आफुले प्रयोग गर्ने पानी शुद्धिकरणमा ध्यान दिउँ ।

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
खानेपानी तथा सरसफाई डिबिजन नं. ४ रामेछाप
बागमती प्रदेश, फिल्ड कार्यालय सिन्धुली

फर्निचर, घरायसी सामान र आर्कणक पर्दाहरूका लागि सँधै सम्झनुहोस ।

कार्की फर्निचर्स एण्ड सप्लायर्स, सिन्धुली
पानीट्यांकी, सिन्धुली फोन: ९८५४०४०५३३

# गुणस्तरहिन अमेरिकी गाडीले युक्रेनमा ठूलो क्षति



**एजेन्सी**/ रूस विरुद्धको लडाईमा घाटाको क्षतिपूर्ति गर्न युक्रेनले सस्तो र द्रुत पैदल सेना लडाई सवारी साधन सिर्जना गर्ने प्रयासले अहिलेसम्म एक अविश्वसनीय, ढिलो उत्पादन उत्पादन गरेको छ जसले कथित रूपमा केही युक्रेनी सैनिकहरूलाई आफ्नो ज्यान गुमाउन मद्दत गरेको छ ।

बिएमपी वन एविभनिने यो गाडी जुनमा पहिलो पटक सार्वजनिक गरिएको थियो । मंगलबार, युक्रेनी रक्षा समाचार आउटलेट मिलिटार्नीले प्लेटफर्म र यसको प्रदर्शनको बारेमा विवरणहरू रिपोर्ट गऱ्यो, निर्माण प्रक्रियामा संलग्न स्रोतबाट प्राप्त खाताले फोर्ब्सलाई मंगलवार भन्न प्रेरित गऱ्यो कि आइभिएफमा केही ठूला समस्याहरू छन् ।

खाताका अनुसार, बिएमपी वन एलबी एक परिमार्जित एमटी एलबी हो, सोभियत-डिजाइन गरिएको बख्तरबन्द ट्र्याक्टर हो जसलाई मोटोलिगा उपनाम दिइएको छ, जुन सामान्यतया उपकरणका भारी टुक्राहरू तान्न र लडाई बाहिर ट्रान्सपोर्टरको रूपमा प्रयोग गरिन्छ ।

युक्रेनी डिजाइनरहरूले थप आर्मर प्लेटिङ र रिमोट-नियन्त्रित बुर्ज थपेका छन् र तीन चालक दलका सदस्यहरू बाहेक सात देखि आठ सेनाहरू समायोजन गर्न आन्तरिक परिमार्जन गरेका छन् ।

युक्रेनमा उपलब्ध स्रोतहरू प्रयोग गरेर न्यूनतम लागतमा सामूहिक रूपमा रोल आउट गर्न सकिने गाडीलाई सकेसम्म छिटो डिजाइन गर्ने विचार थियो । देशले प्रारम्भिक २ हजारसम्म एमटी एलबिएस उत्पादन गरेको थियो र सम्भवतः तिनीहरु सयौं स्टोरमा थन्किएका छन् ।

पुराना ट्र्याक्टरको गुणस्तरहीनताका कारण आयोजना प्रभावित भएको स्रोतले जनाएको छ । कामदारहरूले भित्री भाग पुनः पेन्ट गर्नु अघि खिया सफा गर्ने चिन्ता गरेनन्, जबकि एउटा गाडीको ट्र्याक एउटा खण्ड थियो जुन धेरै लामो थियो, फिल्डमा मर्मत आवश्यक थियो । डिजाइन त्रुटिहरू पनि महत्वपूर्ण साबित भएका छन् । प्लेटफर्म कहिल्यै अतिरिक्त वजनको लागि डिजाइन गरिएको थिएन, त्यसैले बिएमपी वन एलबिएसको ओभरल इन्जिनहरू र प्रसारणहरू प्राय १ सय किमि र ६२ माइलको दूरीमा दौडिन्छन्, फोर्ब्सले आफ्नो रिपोर्टमा लेखेको छ ।

समान सडकमा यो न्यूनतम ५० को गतिमा दौडन सक्छ । कठिन वन क्षेत्रले गति यति कम गऱ्यो कि केही अवसरहरूमा युक्रेनी सिपाहीहरू पैदल हिंडिरहेका देखिन्थे ।

सुस्तताको कारण यस्तो एउटा गाडीको विनाश भएको हुन सक्छ, त्यो जुनमहिनाको शुरुमा रूसी हवाई बम प्रहारले क्षत बिक्षत भएको थियो, आउटलेटले भिडियो फुटेजहरु रिपोर्ट गरेको छ ।

त्यसको बुर्जा पनि समस्याग्रस्त छ । युक्रेन बाहिर कतै उत्पादन गरिएको, यसमा एकल १४.५ एमएमको मेसिन गन छ जुन फोहोर वातावरणमा जाम गर्ने खतरा हुन्छ । मोड्युलले बिएमपी वन एलबिएसको अनुमानित लागत ३८ लाख अमेरिकी डलरको लगभग आधा हो । फोर्ब्सले सुझाव दियो कि आपूर्ति कम हुँदा गाडी केही भन्दा राम्रो हुन सक्छ । किभले आफ्नो ग्रीष्मकालीन काउन्टर अफेन्सिभको नतिजाको लागि पश्चिमी हतियारहरूको अभावलाई दोष दिएको छ, कि यसले युक्रेनी सैनिकहरूको जीवन बचाउन कठिन भएको छ ।

युक्रेनी सेनाले यस महिना मात्रै आफ्नो धक्कामा २७ सय भन्दा बढी भारी हतियार र १७ हजार भन्दा बढी सेना गुमाएको छ, रुसी रक्षामन्त्री सर्गेई शोइगुले यस हप्ताको सुरुमा रिपोर्ट गरेको विवरणमा उल्लेख छ । आरटी अनलाईनबाट नेपाली अनुवाद ।





## डेंगी ज्वरो (Dengue Fever)

### परिचय
डेंगी ज्वरो अरु मौसमी ज्वरो जस्तै हो । डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाइबाट मानिसमा सर्दछ ।

### लामखुट्टेले टोक्ने समय
एडिज जातको लामखुट्टेले प्राय गरेर दिनमा टोक्दछ, यद्यपी घाम उदाएको २ घण्टा पछाडी र घाम अस्ताउनु भन्दा २ घण्टा अगाडी यो लामखुट्टे बढी सक्रिय हुने हुनाले सो समयमा थप सचेत हुनुपर्छ ।

### लामखुट्टे वृद्धि विकास हुने स्थान
एडिज लामखुट्टेले सफा जमेको थोरै पानीमा पनि फुल पार्दछ, खासगरी पानी जम्ने टिनका डब्बाहरु, प्लास्टिकका बोतल, प्लास्टिकका खोल, टायर, सिसी, अन्डाको बोक्रा, ड्रम, बाटा, बाल्टिन, फुलदानी, गमला, कुलर, पानीका ट्यांकी आदिमा लगायत जुनसुकै पानी जम्ने भाँडा तथा स्थानहरु जस्तै छाना, कौसी, बरन्डा, ढल, नाली, कुलो, आदिमा फुल पार्छ र यो लामखुट्टेको वृद्धि विकास हुन्छ ।



### लक्षणहरु
डेंगीको मुख्य लक्षण एक्कासी उच्च ज्वरो आउनु हो, यो ज्वरो ५-७ दिनसम्म रहन सक्छ, ज्वरोसँगै निम्न लक्षणहरु देखापर्छन् :
- बेस्सरी टाउको दुख्ने,
- आँखाको गेडी दुख्ने,
- हाडजोर्नी र मांसपेशीहरु र ढाड दुख्ने,
- शरीरमा बिबिरा आउने,
- रिंगटा लाग्ने,
- वाकवाकि/ वान्ता हुने,

यसका साथै लगातार बान्ता हुने, बान्तामा रगत देखा पर्ने, धेरै पेट दुख्ने, स्वासप्रस्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने आदि लक्षणहरु देखापर्नु डेंगीको जटिल अवस्थामा हो ।

### डेंगी ज्वरोको उपचार
- डेंगी भाइरसबाट हुने भएकोले यसको खास उपचार छैन । यो आफै निको हुन्छ ।
- उच्च ज्वरो कम गर्न पारासिटामोल खाने तर ब्रुफिन, एस्प्रिन जस्ता दुखाई कम गर्ने औषधि नखाने,
- पानी तथा झोलिलो तथा पोषिलो खाने कुरा प्रशस्त मात्रामा खाने,
- पूर्ण रुपमा आराम गर्ने ।

डेंगीको जटिल लक्षणहरु देखिएमा तत्काल नजिकैको स्वास्थ्य संस्थामा लैजानु पर्दछ, डेंगी रोग भएका बालबालिका, वृद्धवृद्धा, दिर्घ रोगी र गर्भवतीहरुको विशेष ध्यान दिनु पर्छ ।

### बच्ने उपाय
डेंगी ज्वरोबाट बच्न लामखुट्टेको टोकाईबाट बच्ने :
- बिहान, दिउँसो, राति जुनसुकै बेला झुल लगाएर मात्रै सुत्ने,
- पुरा बाहुला भएको पुरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ,
- शरीरका खुल्ला भागमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- लामखुट्टे भगाउन लामखुट्टे धपाउने विधिहरु अपनाउने जस्तै : धूप बाल्ने,
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने ।

### लामखुट्टेको वृद्धि विकास नियन्त्रण गर्ने:
- आफ्नो घर वरिपरी, कार्यस्थल र सार्वजनिक स्थानहरुमा पानी जम्न नदिई सफा राख्ने,
- पानी जमिहालेको खण्डमा हप्तामा २ पटक जमेको पानी फाल्नुपर्छ,
- दैनिक प्रयोजनको लागि राखेको पानी लामखुट्टे प्रवेश गर्न नदिने गरी ढाकेर राख्नुपर्छ,
- कुलरमा रहेको पानी हप्तामा २ पटक सफा गर्नुपर्छ,
- गमला वा गमला राखेको प्लेटमा जमेको पानी हप्तामा २ पटक फालेर प्लेट सफा राख्ने, त्यस्तै भाँडाकुँडामा पानी जम्न नदिन घोप्ट्याएर राख्ने,
- घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुरिदिने,
- काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, प्लास्टिकका सामग्री, टायर आदिको पानी जम्न नमिल्ने गरि बिसर्जन गर्ने,

**लामखुट्टेको टोकाईबाट बच्नु नै डेंगी रोगबाट बच्ने मुख्य उपाय हो ।**

यस सम्बन्धी थप जानकारीको लागि नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राख्नुहोला ।

**हरिहरपुरगढी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सिन्धुली**


# पाकिस्तानको व्यापार घाटामा गिरावट



**एजेन्सी**/ अघिल्लो आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षको पहिलो त्रैमासिकमा पाकिस्तानको व्यापार घाटा ४२ प्रतिशतले घटेको पाकिस्तान तथ्याङ्क ब्यूरो (पीबीएस) ले जनाएको छ । पाकिस्तानमा आर्थिक वर्ष जुलाईदेखि सुरु भएर जुनसम्म रहन्छ । सन् २०२३ को जुलाईदेखि सेप्टेम्बरसम्मको त्रैमासिकमा आयात र निर्यातका आँकडाका आधारमा व्यापार घाटा पाँच अर्ब २८ करोड ९० लाख अमेरिकी डलर भएको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा व्यापार घाटा नौ अर्ब १५ करोड ९० लाख अमेरिकी डलर थियो । पीबीएसका अनुसार अघिल्लो आर्थिक वर्षको पहिलो त्रैमासिकको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा व्यापार घाटा ४२ दशमलव २५ प्रतिशतले नकारात्मक वृद्धि भएको छ । चालु आर्थिक वर्षको जुलाईदेखि सेप्टेम्बरसम्मको अवधिमा निर्यात छ अर्ब ८९ करोड ९० लाख अमेरिकी डलर भएको छ । यो अघिल्लो वर्षको सोही अवधिको तुलनामा तीन दशमलव ७८ प्रतिशतले कम हो । अघिल्लो वर्षको समीक्षा अवधिमा निर्यात सात अर्ब १७ करोड अमेरिकी डलरबराबरको भएको थियो । अर्कोतिर पाकिस्तानको आयात भने समीक्षा अवधिमा २५ दशमलव ३६ प्रतिशतले घटेको छ । अघिल्लो आर्थिक वर्षको जुलाईदेखि सेप्टेम्बरसम्मको अवधिमा १६ अर्ब ३२ करोड ९० लाख अमेरिकी डलरको आयात भएकामा चालु आर्थिक वर्षको सोही अवधिमा १२ अर्ब १८ करोड ८० लाख अमेरिकी डलरको आयात भएको छ ।


## सिन्धुलीका कृषकहरुका लागि खुशीको खबर

यहां गुणस्तरिय पशुपंक्षीको औषधी, कृषि विषादी, कृषि औजार, सिजन अनुसारको तरकारी बिउ बिजनहरुको होलसेल तथा खुद्रा मुल्यमा पाउनुका साथै प्राविधिक सल्लाह पनि दिइन्छ ।




**सिन्धुली भेट फर्मा**




कमलामाई ६ स्टलवजार, सिन्धुली फोनः ०४७-५२०२१२ मोबाइलः ९८४४०४१०१५

# “मिस धरान आईकन” का लागि ११ प्रतियोगी छनौट



‘मिस धरान आईकन’को लागि ११ प्रतियोगी छानिएका छन् । मंगलबार धरानस्थित हाङ्गकोक सारङ्ग कोरियन रेस्टुरेन्टमा आयोजित प्रारम्भिक चरणको पहिलो अडिसनमा सयौँ प्रतियोगीले अडिसन दिएका थिए । धरानका युवतीहरूको प्रतिभा निखार्ने उद्देश्यले गत वर्षबाट सुरु भएको प्रतियोगितामा कम्तीमा पनि एसईई उत्तीर्ण धरानका युवतीहरूले सहभागी जनाउन सक्नेछन् ।

पहिलो चरणको अडिसनमा कोरियोग्राफर प्रोजिता लामा, मिस धरान आईकन फष्ट रनर अप प्रेजिना राई र सेकेन्ड रनर अप श्वेता विश्वकर्मा पोखरेल निर्णायक रहेका थिए । प्रतियोगिताको दोस्रो अडिसन पनि छिट्टै हुनेछ । अडिसनबाट छानिएका प्रतियोगीलाई २० दिनको प्रशिक्षण दिइनेछ । जसमा कोरियोग्राफी ‘मिस तामाङ २०१९’ प्रदेश १ विजेता तथा ‘मिस टुरिज्म क्विन वर्ल्ड २०१९’ मा बेस्ट इस्माइलको टाइटल विजेता प्रोजिता लामाले गर्नेछिन् । प्रतियोगीहरूलाई व्यक्तित्व विकास, फोटो फेशन, ऱ्याम्प शो, सौन्दर्य, पर्यटन, इतिहास, क्याटवक लगायतका अन्य विभिन्न विषयहरूमा सम्बन्धित क्षेत्रका विज्ञहरूबाट प्रशिक्षण दिइनेछ ।

प्रतियोगितामा शीर्ष सहित करिब दर्जन विधामा विजेता छानिनेछ । प्रतियोगिताको अन्तिम स्पर्धा असोज २६ गते आयोजना हुनेछ ।

# मिरुनाको सफलतामा ह्याट्रिक



कलाकारलाई कहिले लगातार असफलता मिल्छ त कहिले सफलता । एक समय फिल्मबाट लगातार असफलता हात पारेकी अभिनेत्री मिरुना मगरले अहिले भने सफल फिल्ममा ह्याट्रिक मारेकी छन् । अर्थात उनी लगातार तीन फिल्म हिट दिन सफल भएकी हुन् । संयोगको कुरो के छ भने तीन वटै हिट फिल्ममा उनको जोडी अभिनेता दयाहाङ राई छन् । उनले पछिल्लो समय ‘कबड्डी ४’, ‘जारी’ र ‘नाङ्गो गाउँ’ फिल्म हिट भएका हुन् ।

‘लालपूर्जा’बाट नेपाली रजतपटमा अभिनेत्रीको रुपमा देखिएकी मिरुनाको डेब्यु फिल्म बक्सअफिसमा नराम्रोसँग पछारिएको थियो । त्यसपछि ‘रोज’, ‘साइनो’ र ‘चच हुँई’ फिल्ममा देखिएकी उनले यो फिल्मबाट पनि सफलताको देख्न पाइनन् । जब उनको सहकार्य दयाहाङसँग ‘कबड्डी ४’ मा भयो । एक समय लगातार फ्लप फिल्म दिएकी उनलाई ‘अनलक्की नायिका’को ट्याग समेत लाग्यो । अभिनयमा राम्रो हुँदा-हुँदै पनि उनी सफलताबाट वञ्चित हुँदा करियर नै धरापमा पर्ने हो कि भन्ने डर थियो ।

अहिले भने एकपछि अर्को फिल्मको सफलताले उनको व्यस्तता समेत बढाएको छ ।

# मगर सुन्दरीले देखाए ट्यालेन्ट



मिस मगर इन्टरनेशनलको पहिलो सिजनको ट्यालेन्ट राउन्ड सम्पन्न भएको छ । काठमाडौँको होटेल सम्पदामा आयोजित कार्यक्रममा प्रतियोगीतहरुले आफूमा रहेको अभिनय, नृत्य, गीत गायक, कविता तथा गजल वाचन लगायतका प्रतिभा देखाएका थिए । प्रतिस्पर्धामा १२ प्रतियोगी फाइनलमा भिँड्दै छन् । नेपाल मगर संघ केन्द्रीय उपमहासचिव मगर महिला उद्यमी चन्द्रज्योती आलेमगर, मिस मङ्गोल २०१२ की विजेता सपना रोकामगर सहभागी ट्यालेन्ट राउन्डमा भिडियो निर्देशक अर्जुन थापामगर, फिल्म निर्देशक सन्तोष पिठाकोटे मगर, मिस मङ्गोल २०१९ को फस्ट रनर अप रेनुका पुन मगर निर्णायक रहेका थिए । मगर समुदायमा रहेका युवतीहरूको व्यक्तित्व विकास गर्दै उनीहरूलाई समाजमा अगाडि बढाउने उद्देश्यले आयोजित प्रतियोगितामा मगर इन्टरनेशनलले आयोजना गरेको हो । प्रतियोगिताको फाइन अगामी २७ गते प्रज्ञा भवनमा आयोजना हुनेछ ।

GANAPATI
HOTEL & RESORT PVT. LTD.
Dhungrebash, Sindhuli
Celebration For Life...
Here Begins
Your Happiness.....
Ganapati Hotel & Resort is the first full fledged facility hotel in Sindhuli District which is surrounded by greenery, river, beautiful scenery and pleasant environment. It has 2 swimming pools (baby & adult pool), play center for the children, seminar hall, banquet hall, resturant & bar, well equipped amenities in different type of rooms, enough parking area. All rooms are outfitted by cable, smart tv, wifi, intercom, air condition & some rooms are equipped by mini refrigerator & pan tree too.
Facilities of Ganapati Hotel & Resort
•Swimming Pool •Play Center for Children •Seminar Hall •Banquet Hall •Free wifi •Resturant & Bar (Barbeque, Bonfire) •Enough parking •(Additions: Cloth Ironing, Hair Dryer, Laundry) 24 hrs desk service & many more
Visit Sindhuli & Visit at Ganapati Hotel and Resort Pvt. Ltd.
Ph. No.: +977 047-520346, 047-521056
9854041723

दर्ता नं.: १८००३८/०७४/०७५ तपाईको यात्रा शुभ अनि सफल रहोस्...... शुभकामना
चाहना यातायात प्रा.लि.
हाम्रो देशको विद्युत हामीले सदुपयोग गरौं, विद्युतीय गाडीमा आरामदायी यात्रा गरौं ।
सिन्धुली काउण्टर 9854041239 9801718220
काठमाण्डौं चावहिल ९८०१६६८०४५
चालक ९८५४०४५५३२ ९८५४०४५५३६
थप जानाकरी ९८५४०४०५३३(टंक) ९८५४०४५५४१(उद्धव)
काठमाण्डौं काउण्टर 9854045531
काठमाण्डौं-खुर्कोट-सिन्धुली-बर्दिबास अग्रिम बुकिङ्ग र रिर्जभको व्यवस्था ।

अब घरमा चाहिने सम्पूर्ण सामानहरु एकै ठाउंमा
Opening time : 7 am to 8 pm
SINDHULI MART
कमलामाई न.पा.-६, रातमाटा, सिन्धुली
सम्पर्क नं.: ५८५४०४१५०५

9828889707
9840908200
Kamalamai nursery
Kamalamai municipality 6, Dhurabazaar, Sindhuli
हामीकहाँ रुद्राक्ष, रक्त चन्दन, धुपी, आँप, कटहर, लिची, नास्पाती, कागती, जुनार, सुन्तला इन्डोर र आउटडोर प्लान्ट, विभिन्न जातका फुलहरु, विवाह व्रतन्धका लागि फुल र दुबोका मालाहरु, आकर्षक सिजनल फुलहरु पाइन्छ । साथै घर तथा रेष्टुरेष्ट आदी सजावट र गार्डेनिङका कामहरुपनि गरिन्छ ।

एम्बुलेन्स चाहिएमा
तिलकुमारी बस्नेत स्मृति सामाजिक प्रतिष्ठान सिन्धुली
द्वारा सञ्चालित एम्बुलेन्स गाडी
रमेश श्रेष्ठ
९८४४५०८०८२
९८१२१५४६२७

कन्चन बुटिक तथा कन्चन सिलाई हाउस एण्ड कपडा पसल
कमलामाई न.पा.-६, २ नं. बजार, सिन्धुली
047-520724
9811409291
9854041724
यहाँ लेडिज एण्ड जेन्सको कोट, पेन्ट, शर्ट सिलाउनुका साथै कलेज र स्कूलको ड्रेस पनि पाइन्छ ।

सन्देश जनप्रियका लागि दिपा भण्डारीद्वारा प्रकाशित सम्पादित, प्रधान सम्पादक : कृष्ण गौतम, सम्पादकः प्रेम दाहाल, सम्वाददाताः पबन राउत, कार्यालय (सिन्धुली): विपी राजमार्ग, कमलामाई-६, (बर्दिवास): सिन्धुलीरोड, कानुनी सल्लाहकारः केशवप्रसाद गौतम ई-मेलः news.pradesh@gmail.com, बेभः www.epradeshkhabar.com मुद्रणः लालिगुरांस अफसेट प्रेस, सिन्धुली